# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

आज नेपालमा सामूदायिक वन एक सफल कार्यक्रमको रुपमा अगाडि बढिरहेको र यसको लोकप्रियता नेपालमा मात्र नभई संसार भर नै विस्तार भइरहेको छ । सामूदायिक वन उपभोक्ता समूहहरुले वनको व्यवस्थापन गर्नुका अतिरिक्त सामूदायिक विकासका कार्यक्रमहरुमा संलग्न हुने क्रम बढ्दै छ । सामूदायिक वन कार्यक्रममा अन्य विभिन्न संघ संस्थाहरुको संलग्नता पनि बढ्दो रुपमा अगाडि आइरहेको छ । उपभोक्ता समुहहरुको हकहित संरक्षण गर्ने उद्देश्यले उपभोक्ता महासंघको कार्यक्रमको पनि विस्तार भैरहेको छ । महासंघले संगठन विस्तारको काम पनि अगाडि बढाइरहेको छ । यसै गरी उपभोक्ताहरुका आवश्कता अनुसार विभिन्न सवालसँग जोडिएका गाउँस्तरका उपभोक्ता समुहहरुका नेटवर्कहरु पनि सँग-सँगै अगाडि आइरहेका छन् ।

नेपाल एक कृषि प्रधान देश हो । अधिकांश नेपाली ग्रामीण सूदाय कृषिमा आधारित छन् । जंगल, पशुपालन र खेतीको त्रिकोणी सम्बन्धमा विकसित हाम्रो ग्रामीण समूदायको जनजीवन जंगल, परम्परागत पशुपालन र सोही पशुबाटै प्राप्त मलबाट खेती गर्ने सरल र स्पष्ट सम्वन्ध अडेको छ । बाल्नका लागि दाउरा पनि जंगलबाटै प्राप्त हुन्छ । जंगल, खेती र किसान बीचको सम्वन्ध कायम गराउनमा महिलाहरुको प्रत्यक्ष संलग्नता रहन्छ ( वन मन्त्रालय, २०७२ ) ।

सामाजिक प्राणी वा सम्पूर्ण मानव समाजको वन विकासमा सम्पदाको ज्यादै ठूलो भूमिका रहदै आएको छ । मानिसको दैनिक जिवनयापन धर्म संस्कृतिसँग पनि वनको घनिष्ट सम्वन्ध रहेको हुन्छ । वन भन्नाले पूर्ण वा आंशिक रुपमा रुख बिरुवाले ढाकेको ठाउँलाई बुझिन्छ ( नेपाल सरकार, वन मन्त्रालय, २०७३ ) ।

सामूदायिक हितका लागि उपभोक्ता समुहले कार्ययोजना बमोजिम वनको विकास , संरक्षण, उपयोग र व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मुल्य निर्धारण गरी विक्रि वितरण गर्न पाउने गरी जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग

उपभोक्ता समुहलाई सुम्पिएको राष्ट्रिय वन सम्झिनु पर्छ । यस अनुसार जनताको सहभागिताबाट वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गरी आएको वन क्षेत्रलाई सामूदायिक वनको रुपमा लिइन्छ (नेपाल सरकार, वन मन्त्रालय, २०७३) ।

जहाँ जंगल त्यहाँ मंगल भन्ने नेपाली उखान नै रहेको छ । वन विना कुनैपनि जैविक वस्तुको सम्भव छैन । प्रत्यक्ष वा अप्रत्यक्ष रुपले मानिसको सुखी र शान्ति जीवन वनैमा निहित हुन्छ । वनले वातावरणलाई सन्तुलन गराउँछ । त्यस्तै बाढी, पहिरो, हावापानी, अक्सिजन जैविक विविधता आदि वनबाट जिविकोपार्जनका लागि आवश्यक दाउरा, घाँस, सोत्तर, जडिबुटि आदि प्राप्त हुन्छ । वनले गर्दा नै निश्चित समयमा वर्षा हुने, सिंन्चाइको सुविधा, बाढी पहिरो रोकथाम, वन्यजन्तुको वासस्थान, उद्योगका लागि कच्चा पदार्थ, पर्यटन व्यवसाय, जमिनको उर्बरा शक्तिमा वृद्धि, सामाजिक आर्थिक उन्नति आदि सवै जंगलको स्रोतबाटै प्राप्त हुने भएकाले वन र मानिस बीचमा नङ र मासुको जस्तै गहिरो सम्वन्ध रहेको हुन्छ ।

नेपाल हिमालयको काखमा अवस्थित देश हो । नेपाललाई पहाडै पहाडको देश पनि भनिन्छ । पहाडी क्षेत्रमा बढी मात्रामा वनजंगल हुन्छ । महाभारत श्रृङ्खला र तराई प्रदेशमा धेरै भाग जंगलले ढाकेको छ ( खनाल २०७४) ।

वि. सं. २०२२ साल सम्म नेपालमा ६५ लाख हेक्टर वन क्षेत्र भएको र वि. सं. २०४५ साल सम्म आइपुग्दा जम्मा ५५ लाख हेक्टर वन क्षेत्र मात्र बाँकी रहन गएको कारण गर्दा नेपाल सरकारले वि. सं. २०४२ साल देखि नै विभिन्न विदेशी दातृ संस्थाहरुको सहयोमा नेपालको वन क्षेत्रको गुरुयोजना तयार गरी वि. सं. २०४६ साल देखि लागु गऱ्यो ।

२१ वर्ष सम्मका लागि तयार गरिएको यस गुरुयोजनामा विकासका आधारहरुमा १) आधारभुत वनपैदावारको आपूर्ति  २) वन सम्पदाको स्वतः उपयोग ३) वनपैदावारको लाभांश वितरण र निर्णय प्रक्रियामा आम सहभागिता र ४) सामाजिक आर्थिक उन्नति निर्धारण गरिएका छन् । त्यसै गरी वन क्षेत्रलाई १) राष्ट्रिय वन २) सामूदायिक वन ३) निजि वन ४) कवुलियति वन ५) धार्मिक वन भनी विभाजन गरिएको छ । श्री ५ को सरकारद्वारा वन ऐन, २०४९ र पुराना ६ नियमावली सहित २०५१ को तर्जुमा गरी दुवैलाई एकै साथ वि.सं. २०५१ साल चैत्र २० गते देखि नेपाल अधिराज्यभर लागु गरिएको छ ।

पछिल्लो समयमा सामुदायिक वन संरक्षणमा महिला सहभागिता बढेको छ । सामुदायिक वन उपभोक्ता महासंघका अनुसार महिलाले सञ्चालन गरेका वन यतिखेर फस्टाउदै गएका छन भने यसलाई जोगाउने काममा पनि महिलाहरु सक्रिय भएर लागेका छन् । आफ्नो क्षमताको विकासमा पनि उनिहरु अगाडि नै छन् । विभिन्न संघ संस्थामन प्रतिनिधित्व गर्नुका साथै महिलाले आय आर्जनका लागि घुम्ती कोषहरु सञ्चालन गरेका छन जसले सहकारी संसथाहरु देखि प्राकृतिक स्रोत र साधनको पनि संरक्षण गर्न सक्षम भएका छन ( रासस २०७५ असोज ३०)

वि.सं.२०७५ साल सम्म आइपुग्दा नेपालको कुल क्षेत्रफलको लगभग २९% भू-भाग मात्र वन क्षेत्रले ओगटेको छ । जस मध्ये सामूदायिक वनले १८१३४७४ हेक्टर क्षेत्र ओगटेको छ र नेपालमा जम्मा सामूदायिक वन मात्र १९३६१ रहेका छन् । (वन तथा भू-संरक्षण मन्त्रालय) नवलपुर जिल्लामा जम्मा ३५८ वटा वन क्षेत्रहरु छन् । यस जिल्लाको २३,५९७.९३ हेक्टर जमिन वन क्षेत्रले ओगटेको छ । यस जिल्लामा जम्मा सामूदायिक वन १६४, निजि वन ६५, कवुलियति वन १२२, धार्मिक वन ६ रहेका छन् (जिल्ला वन कार्यालय, नवलपुर कार्यक्रम संगालो २०७४/२०७५) । यस कावासोती नगरपालिका क्षेत्र भित्र भने जम्मा वन ३७ क्षेत्रहरु छन् । जसमा सामूदायिक वन ११, निजि वन २४, कवुलियति वन छैन, धार्मिक वन १, साझेदारी वन १ रहेका छन् (जिल्ला वन कार्यालय को प्रतिवेदन, २०७५/२०७६) ।

नेपालमा विगत छैठौं योजना अवधि देखि राष्ट्रिय आवधिक योजनामा महिलाहरुको सहभागिता विकास कार्यमा बढाई लैजानु पर्ने खाँचो महसुस  गरी यसलाई राष्ट्रिय नितिकै रुपमा समावेश गर्न थालियो । सातौं योजनामा पनि सर्वाङ्गी राष्ट्रिय विकासको प्रयासमा महिलाको सहभागिता तथा महिला विकासको पक्षलाई एकीकृत गरी लाने उद्देश्य अनुसार राष्ट्रिय विकास निर्माण कार्यमा व्यापक सहभागिता जुटाउने र उनीहरुको आयस्तरमा समेत अभिवृद्धि गराउने उद्देश्यले वि. सं. २०३८ सालमा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखाको स्थापना भएको हो । ग्रामीण महिलाहरुको चेतना जागरण गराई महिलाहरुको सकृय सहभागिता तथा नेतृत्वमा सामूदायिक वन विकास कार्यक्रम संचालन हुँदै आएको छ । महिलाहरुमा जागरण ल्याउने प्रयास भएका जुनसुकै ठाउँमा पनि महिलाहरु अघि बढेका छन् । राम्रो सँग सामूदायिक वन व्यवस्थापन गर्ने समुहलाई प्रोत्साहन गर्न

स्थापित स्वर्गीय गणेशमान सिंह वन संरक्षण पुरस्कार २०५४ सप्तरी जिल्लाको मालती महिला सामूदायिक वन उपभोक्ता समूहले वि.सं. २०५६ मा प्रथम पुरस्कार प्राप्त गरेबाट यो प्रष्ट हुन्छ कि महिलाहरु पनि वन व्यवस्थापनमा प्रभावकारी हुन सक्छन् र अवसर मिलेमा पुरुष सरह योदान गर्न सक्छन् ( वन विभाग, २०५९ ) । यसै क्रममा यो शोध पत्र महिलाहरुको मात्र अग्रसरतामा सञ्चालित नवलपुर जिल्ला कावासोती नगरपालिका वडा नं. १ कोइलापानीमा रहेको लालिगुराँस महिला सामूदायिक वन उपभोक्ता समूहको अध्ययन गरी तयार पारिएको छ ।

## १.२ समस्याको कथन

पुरुष प्रधान नेपाली समाजमा महिलाहरुको सामाजिक, पारिवारिक र व्यक्तिगत हैसियत पितृसत्तात्मक संरचनाले निर्देशित गरेको हुन्छ । आदिकाल देखि नै महिलाहरु पुरुषको खटनमा बस्नु पर्ने रीत बन्यो । जसले गर्दा महिलाहरुलाई केवल श्रम शक्तिको रुपमा मात्र प्रयोग गरियो र महिलाको विवेकमा पारिवारिक निर्णय गर्ने संस्कारको सृजना हुन सकेन । सामाजिक परम्परा र अन्धविश्वासका आधारमा महिलालाई केवल घर भित्रकै कार्यहरु जस्तैः- खाना पकाउने, कपडा धुने, बच्चा हेर्ने, घाँस दाउरा काट्ने तथा बोक्ने आदि कार्यमा मात्र सिमित गरी पुरुषले गर्ने क्रियाकलापमा र सामाजिक पक्षका महत्वपूर्ण कार्यहरुमा वन्देज गराउनुको साथै निर्णायक तहमा पुरुषलाई मात्र प्राथमिकता दिइएका पाइन्छ । कतिपय पक्षहरुमा महिलाहरुबाट गरिएका महत्वपूर्ण कार्यहरुलाई समेत समाजिक विभेदका कारण प्रकाशमा नल्याइएको देखिन्छ । मानव सभ्यता महिला र पुरूषको समान भूमिकाबाट अगाडि बढेको हुन्छ । महिला र पुरूष समाजका एक सिक्काका दुई पाटा वा एक रथका दुई पाङ्ग्रा हुन् । जसरी एउटा रथ राम्रोसँग गुड्नको लागि दुवै पाङ्ग्राको समान भूमिका रहन्छ त्यसैगरी मानव सभ्यताको विकासका लागि महिला र पुरूषको समान भूमिका रहेको हुन्छ । समाज निर्माणमा महिला र पुरूष दुवैको बराबर देन रहेको हुन्छ । महिला वा पुरूष कुनै एकलाई निषेध गरेर समाज विकासको प्रकृया अगाडि बढन सक्दैन । हाम्रो समाजमा महिला र पुरूषबीच धेरै असमानताहरू पाइन्छ । शिक्षा, स्वास्थ्य, राजनीति, रोजगार, आयआर्जन तथा अन्य स्रोत र साधनमाथिका पहुँचमा असमानता रहेको छ(पौडेल २०७५) ।

नेपालमा गरिएका विभिन्न अध्ययनबाट यो प्रमाणित हुन आएको छ की दाउरा, घाँसपात, स्याउला, सोत्तर आदि कार्यमा आईमाईहरु लोग्ने मानिसहरु भन्दा बढि वा बराबर रुपमा सक्रिय सहभागि हुँदै आएका छन् ( *आचार्य र वेनेट सन १९८१ लेन्डिजसन १९८४ न्यूएरा* ) । यो अध्ययनले यो पनि देखाएको छ कि वन जङ्गलको मुख्य उपयोग कर्ताको रुपमा नेपाली महिलाहरुको बढी सहभागिता रहेकाले उनीहरु वन जङ्गलको रेखदेख उपयोग तथा संरक्षण गर्न सक्छन् । यस कारण वन विकास कार्यक्रममा योजनाको प्रारम्भिक अवस्था देखि कार्यान्वयन तथा मूल्यांकन एवम् व्यवस्थापन पक्षका सम्पूर्ण अंगहरुमा महिलालाई पूर्ण जिम्मेवारी दिएर निर्णायक तहमा लैजानुपर्ने आवश्यकता रहेको छ । जसको मुल उद्देश्य नै वन व्यवस्थापनमा महिलाहरुलाई निर्णायक तहको जिम्मेवारी दिएर उपभोक्ता समितिको माध्यमबाट वन विकास कार्यक्रमलाई अगाडि बढाउँदै महिलाहरुको सामाजिक, आर्थिक अवस्थामा सुधार गर्नु रहेको छ । सामूदायिक वनको मूल मर्मनै स्थानिय महिला तथा गरीब वर्गलाई वन व्यवस्थापन र निर्णय प्रक्रियामा सहभागि गराउँदै उनीहरुको सामाजिक, आर्थिक अवस्थामा सुधार गराउनु भएतापनि महिलाहरूको सामाजिक, आर्थिक क्षेत्रमा अझै पनि किन पहुँच पुग्न सकेको छैन भन्ने कुराहरू नै यस अध्ययनको समस्याको कथन रहेको छ ।

बुँदागत रूपमा यस अध्ययनका मूलभूत अनुसन्धानात्मक प्रश्नहरू निम्न रहेका छन् :

- नवलपुर जिल्ला का.न.पा.१ कोइलापानीमा रहेको लालिगुराँस महिला सामूदायिक वन उपभोक्ता समूहको सामाजिक र आर्थिक विशेषताहरु के कस्ता छन् ?
- समान रुपमा वनजन्य वस्तुको उपयोग गर्न पाएका छन् वा छैनन् ?
- सामूदायिक वन उपभोक्ता समूहले कसरी वन व्यवस्थापनका कार्यहरु गर्दै आएको छ ?
- वन उपभोक्तामा संलग्न महिलाहरुको आर्थिक अवस्था कस्तो छ ?
- सामूदायिक वन व्यवस्थापनका क्रियाकलापमा महिलाहरूको सहभागिता के कस्तो छ ?

## १.३ अध्ययनका उद्देश्य

अध्ययनका निम्न उद्देश्यहरू रहेका छन् :

**सामान्य उद्देश्यः**-समग्रमा महिलाको सामाजिक, आर्थिक क्रियाकलापमा लालीगुराँस महिला सामूदायिक वनको प्रभाव बारेमा अध्ययन गर्नु ।

**विशिष्ट उद्देश्य:**

१) अध्ययन क्षेत्रका महिलाको सामाजिक कियाकलापमा सहभागिताको अवस्था विश्लेषण गर्ने ।

२) अध्ययन क्षेत्रका महिलाहरुको आर्थिक क्रियाकलापमा प्रभाव पार्ने तत्वको पहिचान गर्ने ।

३) अध्ययन क्षेत्रका महिलाहरूको लालीगुराँस महिला सामूदायिक वन विकासमा सहभागिता पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

आधाभन्दा बढी जनसङ्ख्या ओगटेको महिलाहरूको अवस्था एक्काईसौं शताब्दीसम्म आइसक्दा पनि अझै पुरूषको तुलनामा धेरै नै दयनिय अवस्था भएको हामीले पाउँदछौं । यसमा केही अपवादका रूपमा रहेको महिलाहरूको स्थिति राम्रो नभएको होइन । नेपाली ग्रामीण समाजमा खाना पकाउने, घाँसदाउरा संकलन गर्ने र घरपरिवारको सरसफाई तथा व्यवस्थापन गर्ने जस्ता अनुत्पादक कामहरु महिलाहरुको प्रमुख जिम्मेवारीमा हुन्छ । नजिकको व्यक्तिगत वा सामूदायिक वनबाट घाँसदाउरा ल्याउने काम पनि प्रमुख रुपमा महिलाहरुकै जिम्मेवारीमा पर्दछ । यो भूमीका निर्वाह गर्न उनीहरु वनप्रति बढी नै आश्रित हुनुपर्दछ । वन श्रोतको कमी भएमा वा वन श्रोतमा महिलाहरुको पहुँच र नियन्त्रण घटेमा उनीहरुको घर धन्दामा बाधा पर्न आउँछ । यसले महिलालाई उनीहरुको भूमीका प्रभावकारी रुपले निर्वाह गर्न असजिलो पार्ने मात्रै हैन परिवारका सम्पूर्ण सदस्यलाई यसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पार्दछ । हुनत वनश्रोतको पहुँच नहुँदा महिलालाई मात्रै हैन ग्रामीण पुरुषलाई पनि जीविकोपार्जनमा असर पारेको हुन्छ ।

समग्रमा महिलाहरू पछाडि पर्नाको एक प्रमुख कारण महिलाहरू घाँसदाउरा काट्ने तथा बोक्नेका अतिरिक्त सामूदायिक वन विकासले ल्याएका सम्पूर्ण सामाजिक तथा आर्थिक क्रियाकलापमा सहभागिताको भए नभएको अवस्थाले जनाउँछ । सामूदायिक वन माध्यमबाट महिलाहरूको सामाजिक र आर्थिक विकासका लागि उनीहरूको आवश्यकता र चाहना बुझी आवश्यक कार्यक्रम ल्याउन सहयोग पुऱ्याउनु र सामाजिक, आर्थिक क्रियाकलापमा महिलाहरूलाई सक्रिय सहभागि गराई उत्थानको कार्यमा सहकार्य गर्दै अगाडि बढी सम्मुन्नत नेपालको निर्माणमा सहयोग पुऱ्याउन यसको महत्व वा अनुसन्धानको औचित्य रहेको छ । यस अध्ययनबाट निस्केको प्राप्तिले सो मान्यताको जाँच पनि हुन्छ । साथै

महिलाहरूको सामाजिक र आर्थिक क्रियाकलापमा रहेको सहभागिताको अवस्थाको सम्बन्धमा जान्न र सो क्षेत्रमा काम गर्न चाहने संघ संस्था तथा व्यक्ति विशेष तथा नीति निर्माण कार्यमा पनि यसले सहयोगी सामाग्रीको कार्य गर्नेछ ।

**१.५ अध्ययनको सङगठन :**

"महिलाको सामाजिक, आर्थिक अवस्थामा लालिगुराँस महिला सामूदायिक वनको प्रभाव " को अध्ययनमा केन्द्रित यो शोध पत्रलाई पाँच अध्यायमा सङ्गठित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि समावेश गरिएको छ । दोस्रो अध्यायमा विभिन्न सन्दर्भ साहित्यको समिक्षा, सैद्धान्तिक समिक्षा,अनुभाविक पुनरावलोकन तथा अध्ययनको अवधाराणात्मक ढाँचालाई समावेश गरिएको छ । अध्याय तीनमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्रता र नमुना छनौट विधि, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलन विधि, अन्तरवार्ता अनुसूचि, अवलोकन अध्ययन, मुख्य जानकारसँगको अन्तरवार्ता, प्रश्नावली, समूह केन्द्रीत छलफल, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण समावेश गरिएको छ । अध्याय चारमा महिलाको सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण अन्तर्गत वन व्यवस्थापनका कार्यहरु, वनको संरक्षण सम्बन्धी व्यवस्था, वनको सम्वर्द्धन सम्बन्धी व्यवस्था, वन पैदावारको सदुपयोग सम्बन्धी व्यवस्था, सामाजिक अवस्थाः सामाजिक अवस्था अन्तर्गत जातिगत विवरण, वैवाहिक स्थिति, परिवार नियोजनका साधनको प्रयोगको अवस्था, सन्तानको विवरण, गर्भावस्था चेकजाँच सम्बन्धी विवरण, शौचालय विवरण, घरको अवस्था, स्वस्थ्य चेकजाँच सम्बन्धी विवरण, आर्थिक अवस्थाः उत्तरदाताको पेशागत अवस्था, उत्तरदाताको जमिनसँगको स्वामित्व, उत्तरदाताको पशुपालन सम्बन्धी विवरण, उत्तरदाताको वार्षिक आम्दानीका क्षेत्रहरूलाई समावेश गरी लालिगुराँस महिला सामूदायिक वनले महिलाको अवस्थामा पारेको प्रभावलाई विश्लेषण गरिएको छ । अध्याय पाँचमा सारांश एवं अध्ययनबाट आएका निष्कर्षहरूलाई उद्देश्यमा केन्द्रित भै छोटकरीमा प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको समिक्षा

सैद्धान्तिक पुनरावलोकन समाजिक अनुसन्धानको एउटा अभिन्न अंग हो । सैद्धान्तिक पुनरावलोकनले समाजिक अनसन्धानुकर्ताको रुचिको क्षेत्रमा पर्ने अनुसन्धानका साहित्यलाई पहिल्याउने, प्राप्त गर्ने, अध्ययन गर्ने, मूल्यांकन गर्ने प्रक्रिया हो । यस अनुसन्धानमा महिला सम्बन्धी भएका फरक फरक सैद्धान्तिक र अनुभावाश्रीत दृष्टिकोणहरूको चर्चा गरिन्छ । महिलाको स्थितिलाई विभिन्न दृष्टिकोणको आधारमा हेर्न सकिन्छ ।

### २.१ सैद्धान्तिक समिक्षा

प्रख्यात समाजशास्त्री इमाइल दुर्खिमद्वारा अध्ययन पद्धतिको रूपमा विकसित गराइएको यस मान्यतालाई म्यालिनोस्की तथा अमेरिकी समाजशास्त्री टाल्कोट पार्सन्स् सम्मका व्यक्तिहरूले अपनाएको देखिन्छ । " प्रकार्यवादी दृष्टिकोणले हरेक सामाजिक इकाइहरूको प्रकार्यगत एकताले सामाजिक समग्रता तयार भएको हुन्छ । महिला पुरूष तथा महिला-महिला विचका हरेक तहहरूले समाजमा समरूपता स्थापित गर्ने भूमिका खेलिरहेका हुनछन् । यिनीहरू एक अर्कामा अन्तर्सम्बन्धित हुन् । त्यसकारण समाजका कुनैपनि इकाइहरूलाई विरोधी एकाईको रूपमा नभई प्रकार्यगत एकाइको रूपमा हेरिनु पर्दछ । त्यसबाट नै सामाजिक प्रणाली तयार भएको हुन्छ । "

प्रख्यात समाजशास्त्री T. Parson र R. Bales ले महिला र पुरूषहरूको कार्य विभाजनलाई प्रकार्य वादी दृष्टिकोणबाट विश्लेषण गर्दछन् । उनीहरूका अनुसार पुरूषहरूले घरबाहिरको कार्य गर्ने र महिलाहरूले घरभित्रका कार्यहरू सम्हाल्ने भएपछि परिवार पूर्णरूपमा संचालित हुन्छ र अगाडी बढछ (पौडेल, २०७३) ।

वर्तमान विश्वमा नारीवाद लोकप्रिय हुनाका साथै यसले योजनाविद, राजनीतिज्ञ एवम् विकासविदहरूलाई विभिन्न तरिकाले ध्यानाकर्षण गऱ्यो, जसलेगर्दा नारीवादलाई महिलाको अधिनतामा प्रश्नहरू र चुनौतिहरू खडा गर्ने दृष्टिकोणको रूपमा लिइन्छ । सामान्य कुरा गर्दा 'नारीवाद' ले दुईटा कुरा समेटेको हुन्छ । एक, महिलाहरू माथि हुने उत्पीडन तथा शोषण सम्बन्धी चेतना र दुई, त्यस अवस्थालाई बदल्नका लागि गरिएको सचेत क्रियाकलापहरू (तामाङ, २०१६) ।

नारीवादलाई दुई प्रमुख मार्गमा परिभाषित गर्न सकिन्छ । यसको साघुँरो अर्थ महिलाको

लैङ्गिक विभेदकारी सिद्धान्त, सामाजिक उत्पीडनको अन्त्यको अभ्यास हो । फराकिलो र गहिरो अर्थमा नारीवाद भनेको सचेत लिङ्ग र लैङ्गिक असमानताका सामाजिक यथार्थको जटिल मार्गको खोजी, विश्लेषण र व्याख्यामा सम्बन्धित आधारभूत प्रणालीको एउटा प्रकार हो (जोन्सन, २०१२) ।

नारीवादले समाजको आधुनिक रूपले विश्लेषण गर्छ । संसारका विभिन्न भागमा उठेका महिलासँग सम्बन्धित आन्दोलनहरूको बारेमा वैचारिक, दार्शनिक रूपमा नारीवाद स्थापित भएको छ । महिलावाद भन्ने अवधारणाको सुरूवात अठारौं शताव्दीदेखि महिलावादको पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडी बढेको पाईन्छ भने १९८० देखि नारीवादलाई आधुनिक अवधारणाको रूपमा हेरिएको पाइन्छ । यसअवधारणाले दक्षिण एसियाली महिलाहरूले महिलाहरूको शोषण र पीडा बारे समाजमा,घरमा र कार्यक्षेत्रमा सचेत भइ परिवर्तनको लागि कार्यरत हुनु नै नारीवाद हो भनी परिभाषित गरेको छ । अर्को शब्दमा नारीवाद भन्नाले महिलाहरूको पुरूष सरह समानअवसर, अधिकार र शक्तिको चाहना हो (चौलागाईं, पोखरेल र सापकोटा २०७० : १५) ।

महिलावादी आन्दोलन निरन्तर रूपले अगाडी बढ्ने क्रममा विभिन्न धारमा विभिन्न महिलावादी दृष्टिकोण/सिद्धान्त/अवधारणाहरूको विकास भएको पाइन्छ । समाजमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोण, महिला र पुरुषमा देखिने फरकपना, समाजले उनीहरुबाट अपेक्षा गरेको व्यवहार र भूकि भन्ने तथ्यबाट निर्मित धारणा र बुझाई लैंगिक पहिचान हो । यो समाज र संस्किृति अनुसार फरक-फरक प्रकृतिले निर्माण हून्छ । विकास प्रक्रियामा महिलाको सहभागिता अनिवार्य रूपमा हुनपर्दछ । यदि सो नभएमा विकास दिगो हुनसक्दैन । यो मान्यता पछिल्लो समयमा आएर मात्र विकासको नीतिमा समावेश गरेको पाइन्छ । लैङ्गिक अवधारणालाई सन १९५० पछि मात्र समावेश गर्न सुरू गरिएको पाइन्छ । महिलालाई एक किसिमले पिछडिएको जाति वा उत्पीडित जाति भनेर हेर्ने चलन पनि छ । आधुनिक राज्यव्यवस्थामा उत्पीडित जातिलाई कसरी अगाडि बढाउने भन्ने प्रश्नमा तीन किसिमका सिद्धान्त निस्किएका छन् । एउटा सिद्धान्तले भन्छ, अवसरको समानता दिन । दोस्रो सिद्धान्तले भन्छ, समान अवसर मात्र दिएर पुग्दैन, त्यसैले आरक्षणजस्ता विशेष अवसर दिनुपर्छ । पुँजीवादी व्यवस्थाभित्र यी दुवै सिद्धान्तलाई उदारव्यवस्था भनिन्छ । तर यी दुवै धारणाको विरोधमा अर्को सिद्धान्त जन्मिएको छ । यो सिद्धान्तले भन्छ, उपलब्धीमा समानता दिनुपर्छ । अवसरमा समानता होइन, उपलब्धीक समानता दिनुपर्छ ।

## २.२ आनुभावीक पूनरावलोकन

सामाजिक विकासका विभिन्न पक्षहरुमा सहभागी हुन सक्ने महिलाहरु वनका स्रोतहरु जस्तै घाँस, दाउरा, स्याउला, सोत्तर आदिको संकलन तथा संरक्षण कार्यमा समेत प्रत्यक्ष सरोकार रहने हुँदा वन व्यवस्थापन कार्यमा पनि महिलाहरु सक्षम हुन्छन् भन्ने कुरा देखिन आएको छ । यस कुरालाई ध्यानमा राखी श्री ५ को सरकारले समेत वन व्यवस्थापन कार्यमा महिलालाई सक्रिय रुपले सहभागी गराउने राष्ट्रिय निति तयार गरेको छ । ( सामूदायिक वन विकास दिग्दर्शन २०५२ सामूदायिक वन कार्यक्रमको कार्यान्वयन निर्देशिका वि.सं. २०४६) । धरैजसो एसियन राष्ट्रहरुमा महिलाहरुले वन सम्वधि कार्यमा पुरुषले भन्दा बढी समय बिताउँछन् । जस्तै खेती लगाउने, काठ तथा दाउरा संकलन गर्ने, वृक्षारोपण गर्ने, घाँसपात संकलन गर्ने, विरुवा संकलन गर्ने आदि (क्यासटीलो सन् १९८३ , वयरनर सन् १९८१, सेफरड सन् १९८५, गोनजालीज सन् १९७७, होसकिन्स सन् १९८१ ) । नेपालका विभिन्न भागमा गरिएका अध्ययनले पनि वन व्यवस्थापन कार्यमा अनिवार्य रुपमा महिलाहरुलाई समावेश गराउनु पर्ने कुराको जोड दिएको छ । (पिटर सन् १९८४/८५, न्यूएरा सन् १९८३ र लेन्डिज सन् १९८४) ।

वन सम्वधि कार्यहरुमा महिलाको सहभागितालाई  वन व्यस्थापन समिति मार्फत प्रयोगमा ल्याउन जोड दिएका छन् । उनको भनाइ अनुसार गरीब वर्गमा महिलाहरुलाई वन उपभोक्ता समितिमा सरिक गराउँदा व्यवस्थापनको र संरक्षणको बढी प्रभावकारीता हुन जान्छ (पिटर सन् १९८४/८५, न्यूएरा सन् १९८३ र १९८६) ।

नेपालका अन्य क्षेत्रमा गरिएको अध्ययनबाट पनि वनमा महिलाहरुको भूमीका प्रभावकारी देखिन्छ । ती अध्ययनले सामूदायिक वन विकास कार्यक्रममा महिलाहरुको भूमीकालाई औल्याएका छन् । जस अनुसार स्थानीय समुदायले नै स्थानीय वनजंगललाई बढी प्रभावकारी ढंगले संरक्षण, व्यवस्थापन र विकास गर्न सक्छन् । (वयरनर सन् १९८१, थरनवर्ग र वयरनर सन् १९८०/८१ र पिटर सन् १९८४/८५) ।

महिलाहरुको सहभागिता भन्ने यस्तो पद्धति हो जहाँ महिलाहरु प्रत्यक्ष र सक्रिय रुपले ग्रामीण विकासको योजना तर्जुमा र कार्यान्वयनमा समावेश भएका हुन्छन् (रोल सन् १९७९) । जबसम्म नारीहरुलाई योजनाको तर्जुमा र निर्णय गर्ने तहमा राखिदैन तबसम्म महिलाहरुको सामाजिक, आर्थिक र राजनितिक क्षमताको विकास हुन सक्दैन जसले गर्दा

विकासले गति लिदैन । त्यस कारण महिलाहरुलाई निर्णायक तहमा अवसर दिदै अगाडि बढाउन जति प्रोत्साहन दिइन्छ त्यती नै विकास कार्यमा महिलाहरुको सहभागिता बढ्न जान्छ (श्रेष्ठ, २०१२) ।

'वनजंगलको नोक्सानले महिलाहरु बढी मात्रामा पिडित छन् । तापनि स्थानीय योजनाविद्हरुसँग महिलाले त्यो समस्या राख्न सक्दैनन् त्यस कारण निर्णय गर्ने पद्धतिको जिम्मेवारी परम्परा देखि नै साँस्कृतिक परिपाटिले गर्दा पुरुषहरुलाई नै दिइएको छ ( वास्कोटा, १९८९) । 'विकासका कार्यक्रमहरुमा महिलाहरुमा सहभागि गराउने मुख्य कारणको रुपमा लाभ तथा फाइदा पनि पर्न आउँछ । जुन सहभागिता पछि महिलाहरुले प्राप्त गर्दछन् । अर्को शब्दमा विकासका कार्यक्रमबाट जति सक्यो धरै उपलब्धि प्राप्त गर्न सकिन्छ, त्यति धेरै नै मात्रामा महिलाहरुको सहभागितामा वृद्धि हुन जान्छ' (रेग्मी, २०१५) ।

तेस्रो विश्वका राष्ट्रहरुमा समेत महिलाहरुले गर्न सक्ने उपलब्धि मूलक कार्यहरुको प्रशंसा तथा महिलाहरुले बुझ्ने र गर्न सक्ने कार्य क्षमतामा पनि अझै पूर्ण रुपले महसुस गरेको पाइदैन । वन विकासको योजना तर्जुमाको दृष्टिकोणले हेर्ने हो भने महिलाहरुको भूमिकालाई तीन खण्डमा विभाजन गर्न सकिन्छ । १) बिरुवा उत्पादनबाट नगद तथा अन्य सुविधाको रुपमा महिलाहरुले नै बढी लाभ प्राप्त गरेका हुन्छन् । २) पुरुष भन्दा महिलाहरु विभिन्न जाति प्रजातिका बिरुवाहरु रोप्न, हुर्काउन र संकलन गर्नमा बढी जानकार हुन्छन् । ३) पुरुष भन्दा महिलाहरु बढी स्थायी रुपले घरमा बसोबास गर्दछन् ।


परम्परागत रुपले महिलाहरु लोग्ने मानिस भन्दा बढी घर व्यवहार संचालन तथा सामूहिक क्रियाकलापमा समेत समावेश हुन्छन् । विशेष गरेर वनबाट घाँस, दाउरा, सोत्तर संकलनमा यिनीहरुको भूमिका महत्वपूर्ण हुन्छ । वनको व्यवस्थापन , योजना तर्जुमा तथा निर्णायक स्तरमा यिनीहरुलाई समावेश गरेको पाइदैन । यति सम्मकी कुनै पनि बैठकमा महिलाको उपस्थिति नभएर केवल स्थानीय तहका पुरुष जनप्रतिनिधिहरुको सहभागितामा मात्र समिति गठन गरी कार्यक्रम सन्चालन गरेको पाइन्छ । 'यो किटानी साथ भन्न सकिन्छ कि कुनै योजनाको तर्जमा निर्णायक मण्डलमा महिलाको उपस्थिति नभएमा उनीहरुको मनको भावना आवश्यकता व्यक्त गर्ने सम्भावना नै हुँदैन' (श्रेष्ठ, १९८७) । 'जति धेरै महिलाहरुलाई समेट्ने वातावरणको सृजना गरिन्छ त्यति नै बढी रुपमा वन विकास कार्यक्रमा महिलाको सहभागितामा वृद्धि हुन जान्छ' (रेग्मी, २०१६) ।

महिलाहरुको सहभागितामा गठन भएको एक उपभोक्ता समितिको अध्ययनको सन्दर्भमा (प्रसाई , १९८७) ले के पहिचान गरेका छन् भने संगठन कर्ताको विगतको वन सम्बन्धि अनुभवको ज्ञान, तरिका र पद्धतिको छलफल, कर्तव्य र जिम्मेवारी, उपभोक्ता समितिको छनौट र मोटिभेसन, समितिको प्रजातान्त्रिक कार्य प्रणाली तथा वन सम्वन्धि आधिकारिक व्यक्तिहरुको सहभागिताबाट महिला वन उपभोक्ता समितिको कार्यक्षमता तीव्र रुपले वृद्धि हुन जान्छ । नेपालमा ग्रामीण महिलाहरु बढी वन उपभोक्ताको रुपमा देखापरेका छन् । यिनै ग्रामीण महिलाहरुलाई वन विकास कार्यक्रममा संलग्न गर्न अति जरुरी देखिन्छ । सामूदयिक वन विकास दिग्दर्शन २०५२ सामूदयिक वन कार्यक्रमको कार्यान्वयन निर्देशिका वि.सं. २०४६ जस अनुसार नेपाल अधिराज्यका विभिन्न जिल्लाहरुमा महिलाहरुको सहभागितामा वन व्यवस्थापन कार्यक्रमहरु संचालन गर्दै आएको छ । यसरी प्रयोगात्मक रुपमा संचालन गरिएको कार्यक्रम प्रत्येक आर्थिक वर्षमा क्रमश: विस्तार गर्ने योजना अनुसार वि. सं. २०६८ सालमा नवलपुर जिल्लाको साविकको शिवमन्दिर गा. वि. स. वडा नं. ८ हाल कावासोती न. पा. वडा नं. १ कोइलापानीको लालिगुराँस महिला सामूदायिक वन उपभोक्ता समूहले सक्रिय नेतृत्व तथा अधिक महिलाहरुको सहभागितामा वन विकास कार्यक्रम संचालन गर्दै आएको छ । यो अध्ययन माथि उल्लेख गरिएका सैद्धान्तिक र अनुभावाश्रीत दृष्टिकोणहरुको प्रयोग गरी “महिलाको सामाजिक, आर्थिक अवस्थामा लालिगुराँस महिला सामूदायिक वनको प्रभाव” को अध्ययनमा केन्द्रित छ ।

## २.३ अध्ययनको अवधारणात्मक ढाँचा

सान्दर्भिक सामाग्रीको अध्ययनबाट के प्रष्ट हुन्छ भने समाज विकासका लागि महिला पुरुष दुबैको भूमिका महत्वपूर्ण हुन्छ, जो एक अर्कामा परिपूरकको रुपमा रहेका हुन्छन् । विकासका सम्पूर्ण चरणमा महिला र पुरुषको समान सहभागिता र पहुँच स्थापना भएमा मात्र विकासले गति लिने र त्यो विकास दिगो हुने गर्दछ । सामुदायिक वन संरक्षण, व्यवस्थापन र विकासका कार्यक्रम तथा निर्णाय तहमा महिलाहरुमा सुधारउन्मुख विकास देखिन्छ । तसर्थ वास्तविक र दिगो सामाजिक विकासका लागि विकासमा लैङ्गिक दृष्टिकोण अबलम्बन गर्नु आवश्यक छ । हाम्रो परिवेशमा सामुदायिक वन विकासार्थ जति धेरै महिलाहरुलाई समेट्ने वातावरणको सृजना गरिन्छ त्यति नै बढि रुपमा सामुदायिक वन विकास कार्यक्रम महिलाको सहभागितामा वृद्धि हुन जान्छ र त्यति नै बढि महिलाहरुको सामाजिक, आर्थिक क्रियाकलापमा सामुदायिक वनले प्रभाव पार्दछ । हरेक क्रियाकलापमा

महिलाहरुको सहभागिता न्यून रहनुमा विभिन्न पक्ष रहेका छन् जुन अवधारणात्मक प्रारुपलाई यसरी प्रस्तुत गर्न सकिन्छः-



# अध्याय तीन

## अनुसन्धान पद्धति

यस अध्यायमा शोध-पत्रको अनुसन्धानमा प्रयोग गरिने विधिहरूको बारेमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क र सुचना सङ्कल गर्ने विभिन्न विधिहरू अपनाइएको छ । यस अध्यायमा शोध-पत्रका अध्ययन क्षेत्र छनौटको औचित्य, प्रकृति र स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणलाई प्रस्तुत गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानको उद्देश्य प्राप्तिका लागि दुई किसिमका अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । जुन अनुसन्धान ढाँचा यस प्रकार छन् : क ) वर्णनात्मक अनुसन्धान ढाँचा र ख) अन्वेषणात्मक अनुसन्धान ढाँचा अनुसन्धानमा यस प्रयोग गरिएको छ । अध्ययन क्षेत्रका महिलाहरूको विस्तृत विवरण लिनको लागि सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, पारिवारिक संरचना आदिका सम्बन्धमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । लैङ्गिक दृष्टिकोणको प्रयोग गरी महिलाहरूको सामाजिक र आर्थिक क्रियाकलापमा लालिगुराँस महिला सामूदायिक वनले पारेको प्रभाव पत्ता लगाउन र यसप्रति महिलाहरूको धारणा बुझ्न तथा उनीहरूको आवश्यकता अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

यस क्षेत्र छनौटको लागि प्रदेश नं. ४ अन्तर्गत नवलपुर जिल्लाको कावासोती नगरपालिका वडा नं. १ कोइलापानीमा संचालित लालिगुराँस महिला सामूदायिक वन उपभोक्ता समूह महिलाले व्यवस्थापन गरेको वन र सामूदायिक विकास सम्बन्धि कार्यक्रमलाई लिइएको छ । नवलपुर जिल्ला अवसरका विभिन्न सम्भावना भएको पर्यटकीय जिल्ला हो । सामाजिक र आर्थिक रूपान्तरणका लागि लालिगुराँस महिला सामूदायिक वनले विभिन्न कार्यक्रमहरु ल्याएको पाइन्छ । यति हुँदाहुँदै पनि यहाँ सामाजिक र आर्थिक क्षेत्रमा महिलाहरूको प्रभावकारी सहभागिताको अवस्था मध्यम रहेको छ । कोइलापानी, कावासोतीको फलफूल चोक देखि ५ कि. मि. उत्तर क्षेत्रमा रहेको छ । महिलाहरूको सामाजिक, आर्थिक क्रियाकलापमा लालिगुराँस महिला सामूदायिक वनको बारेमा अध्ययन गर्नका लागि कोइलापानी चौतारी टोल अति नै उपयुक्त क्षेत्र हो र यो क्षेत्रमा आजसम्म

महिलाको सामाजिक, आर्थिक क्रियाकलापमा सामूदायिक वनले पारेको प्रभावको बारेमा कुनै पनि अध्ययन नभएकाले यस विषयमा केन्द्रित भएर अध्ययन गरिएको छ । यस क्षेत्र छनौट गर्नुका निम्न कारणहरु यस प्रकार छन् :

क) अध्ययन क्षेत्र शोधकर्ताको बसोबासबाट सजिलै पुग्न सकिने भएकाले ।

ख) उक्त सामूदायिक कार्यक्रम महिलाहरूको मात्र सहभागितामा गठित उपभोक्ता समितिबाट संचालन भएको हुँदा महिलाहरूको भूमिका र त्यसले उनीहरुको जीवनमा पारेका प्रभाव अध्ययन गर्न सम्भव भएकाले ।

ग) यस क्षेत्रका स्थानीय उपभोक्ताहरु वन संरक्षण, व्यवस्थापन र विकासमा बढी चासो राख्ने भएको हुँदा अध्ययनको निम्ति उपयुक्त देखिएकाले ।

### ३.३ समग्रता र नमुना छनौट विधि :

नवलपुर जिल्लामा जम्मा ३५८ वटा वन क्षेत्रहरु छन् । यस जिल्लाको २३,५९७.९३ हेक्टर जमिन वन क्षेत्रले ओगटेको छ । नवलपुर जिल्लामा जम्मा सामूदायिक वन १६४, निजि वन ६५, कवुलियति वन १२२, धार्मिक वन ६ रहेका छन् भने कावासोती नगरपालिका क्षेत्र भित्र जम्मा वन ३७, सामूदायिक वन ११, निजि वन २४, कवुलियति वन छैन, धार्मिक वन १, साझेदारी वन १ रहेका छन् । लालिगुराँस महिला सामूदायिक वनमा जम्मा ५२ घरधुरी आवद्ध रहेका छन् । कोइलापानीमा स्थायी रूपमा बसोबास गर्ने जनसङ्ख्या जम्मा ६४६ जनसंख्या छ र यसमा पुरुषको संख्या ३१७ र महिलाको संख्या ३२९ रहेको छ । लालिगुराँस महिला सामूदायिक वनको तथ्याङ्क अनुसार यस टोलमा ५२ घर धुरि रहेको रहेको पाइयो । यस अनुसन्धानमा १९ वर्ष भन्दा माथि उमेर समूह अन्तर्गत प्रतिघरको १ मात्र महिलाका दरले समावेश गरी अनुसन्धान अगाडि बढाइउँदा यस वनबाट सुविधा प्राप्त गर्ने सबै ५२ घरधुरीका ५२ जना महिलाहरु उक्त उमेर समूहभित्र परेको हुँदा समग्रताको आधारमा सम्पूर्ण ५२ जना महिलाहरुलाई नमुनाका रूपमा छनौट गरिएको छ ।

### ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

अनुसन्धानमा तथ्याङ्क सङ्कलन कार्य सबैभन्दा महत्वपूर्ण कार्य हो । तथ्याङ्कहरूको सङ्कलन र विश्लेषणबाट नै अनुसन्धानको निष्कर्षमा पुगिने हुँदा यस कार्यलाई प्राथमिकता दिने गरिन्छ । अनुसन्धान प्रकृतिका आधारमा प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्कहरू सङ्कलन गर्न सकिन्छ । तथ्याङ्कको प्रकृति गुणात्मक र सङ्ख्यात्मक

दुवै किसिमको हुन्छ । प्रस्तुत अनुसन्धानमा विशेष गरी प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क र सुचनाहरू सङ्कलन गरिएको छ ।

**क) प्राथमिक तथ्याङ्क**

प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा गुणात्मक र सङ्ख्यात्मक दुवै किसिमका तथ्याङ्कहरू सङ्कलन गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिइनेछ र आवश्यकता अनुसार सङ्ख्यात्मक तथ्याङ्क पनि सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन गर्नको लागि अध्ययन क्षेत्रमा शोधकर्ताले प्रश्नावली, अन्तरवार्ता अनसूचि, मुख्य उत्तरदाता व्यक्तिसँगको अन्तरवार्ता, अवलोकन विधिहरू समूहगत छलफल आदि अपनाएको छ ।

**ख) द्वितीय तथ्याङ्क**

द्वितीय तथ्याङ्क अन्तर्गत यस सोधकार्यका लागि आवश्यक पर्ने विभिन्न सुचनाहरू सङ्कलन गर्ने विभिन्न लेख, रचना, समिक्षा, प्रकाशन, अभिलेख, पत्रपत्रिका, वेवसाइट,न.पा. र वा.का. बाट प्राप्त तथ्याङ्क, प्रकाशित एवम् अप्रकाशित स्रोतहरू तथा अन्य सम्बन्धित साहित्यका सहयोग लिई तथ्याङ्क सङ्कलन गरिएकोछ ।

**३.५ तथ्याङ्क सङ्कलन विधि :**

तथ्याङ्क सङ्कलन विधि छनौटगर्दा अनुसन्धानको विषय, प्रकृति र उद्देश्यलाई मध्य नजर गरी समय, स्रोत र साधनलाई ख्याल गरेर अनुसन्धानको सहि परिणाम निकाल्न विश्वसनीय तथ्याङ्क तथा सुचना सङ्कलनमा विशेष जोड दिईएको छ । अनुसन्धान क्षेत्रका महिलाहरूसँग प्रत्यक्ष भेटघाट गरी आवश्यक प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्नका लागि निम्न विधिहरू अवलम्वन गरिएको छ ।

**३.५.१ प्रश्नावली सूची :**

अध्ययनका क्रममा संरचित र अर्धसंरचित प्रश्नावलीको प्रयोगबाट उत्तरदाताको सामाजिक, आर्थिक स्थिति, वनको संरक्षण,संवर्द्धन र सहयोगमा महिलाहरुको भूमीका, निर्णय प्रक्रियामा पहुँच आदि विषयमा केन्द्रित रहेर तथ्याङ्क संकलन गरिएको छ । क्षेत्रगत अध्ययनमा जानु भन्दा अगाडी प्रश्नावली तयार गरीएको छ । उक्त प्रश्नावली मार्फत उत्तरदाताहरूको वर्तमान अवस्थाको जानकारी हासिल गरिएको छ ।

### ३.५.२ मुख्य उत्तरदातासँगको अन्तरवार्ता :

अध्ययन क्षेत्रको समूदायिक वन विकास कार्यक्रम अन्तर्गत कार्यकारी समितिका अध्यक्ष र २ महिला सदस्य गरी मुख्य ३ जना उत्तरदाताहरुसँग गहन छलफल गरी यस अध्ययनको उद्देश्य पूरा गर्न खोजिएको छ । गुणात्मक तथ्याङ्क सङ्कलन गर्न ती जानकार व्यक्तिहरूवाट उनीहरूले भोगेका बुझेका समस्याहरू, चुनौतीहरूको बारेमा सत्य तथ्य सङ्कलन गरिएको छ ।

### ३.५.३ समुह केन्द्रित छलफल :

जम्मा एकासी जना उत्तरदाताहरूलाई विभिन्न तीन समुहमा विभाजन गरी महिलाहरूलाई समूदायिक वनले पारेको प्रभावका बारेमा मुख्य तीन प्रश्नहरू दिई छलफल गराईएको थियो । र उक्त छलफलबाट आएका जिज्ञासाहरूलाई सान्दर्भिक तवरले अनुच्छेदमा व्याख्या गरिएको छ ।

### ३.५.४ अवलोकन :

अवलोकन विधिबाट अध्ययनक्षेत्रको वस्तु स्थितिको बारेमा जानाकारी लिइएको छ । यसबाट समूदायको रहनसहन, खानपान, भेषभुषा, घरहरुको बनावट, वनको अवस्था, नर्सरी निर्माण, वृक्षारोपण, बारबन्देज र वनको व्यवस्थापनको स्थिति आदि अध्ययन गरिएको छ ।

### ३.५.५ व्यक्तिगत अध्ययन :

यस विधि अनुसार यस क्षेत्रका महिलाहरू मध्ये समूदायिक वनबाट प्रभावित १ जना महिलाको घटना अध्ययन गरिएको छ । उनको पारिवारिक जीवन, घरायसी निर्णय प्रक्रियामा भूमिका तथा उनको घरायसी, सामाजिक, आर्थिक गतिविधिमा नियन्त्रण, आफ्नो निजी सम्पत्तिमा कत्तिको अधिकार रहेको छ र त्यसबाट उनीहरूको सामाजिक क्रियाकलापमा पारेको प्रभाव तथा अन्य विविध पक्षको बारेमा सूचना संकलन गरिएको छ । यस व्यक्तिगत अध्ययनको मुख्य उद्देश्य महिलाहरूको जीवनमा समूदायिक वनले पारेको प्रभावका घटनाहरू माथि प्रकाश पार्दै विभिन्न महत्वपूर्ण सूचनाहरू सङ्कलन गरी महिलाहरूको अवस्थाको चित्रण गर्नु रहेको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण :

सङ्कलन गरिएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक र विवरणात्मक रूपमा विश्लेषण गरिएको छ । सामान्यतः प्राप्त तथ्याङ्कहरूलाई तालिकामा, चित्रमा, सङ्ख्या र

प्रतिशतका रूपमा व्याख्या गरिएको छ । अन्य गुणात्मक तथ्याङ्कहरूलाई व्याख्यात्मक रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ। साथै अनुसन्धानको लागि आवश्यक सुचनाहरू सङ्कलन गरी विश्लेषण समेत गर्ने प्रयास गरिएको छ। साधारण तालिकाहरूको प्रयोग गरी सङ्कलित तथ्याङ्कहरूलाई स्पष्ट रूपमा देखाईएको छ।

### ३.७ अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धान आँफैमा पूर्ण हुँदैन । जुनसुकै अध्ययन अनुसन्धानका आ-आफ्नै सिमा हुन्छन्। यस अध्ययनको सीमाहरुलाई निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

- सिमित आर्थिक स्रोत र साधन प्रयोग गरी अध्ययन कार्य सम्पन्न गर्नुपर्ने भएकोले आम महिलाहरूको धारणालाई समेट्न सकिएको छैन।
- नवलपुर, कावासोती नगरपालिका वडा नं. १ कोइलापानी चौतारी टोलका महिलाहरूको सामाजिक, आर्थिक क्रियाकलापमा रहेको सहभागिताको अवस्था र असर पार्ने तत्वको खोजी एवंम् आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रणको अवस्था विश्लेषण गर्नमा मात्र यो अध्ययन सिमित छ।
- सानो क्षेत्रमा गरिएको अध्ययनबाट निकालिएको निष्कर्षहरूले हाम्रो देशको अन्य भागमा रहेको महिलाहरूको प्रतिनिधित्व नगर्न सक्छ । यदि गरेको खण्डमा पनि निश्चित अवधिका लागि मात्र हुनेछ।
- यो अध्ययन समाजशास्त्र स्नातकोत्तर तह अध्ययनका क्रममा आवश्यक पर्ने शोधपत्र तयार पार्नका लागि गरिएकोले समय ,स्रोत ,साधन र पूँजीको पनि सीमितता रहेको छ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ कावासोती नगरपालिकाको अवस्थिति

कावासोती नगरपालिका नेपालको गण्डक प्रदेश अन्तर्गत नवलपुर जिल्लामा अवस्थित एक नगरपालिका हो । नगरउन्मुख क्षेत्रहरुलाई नगरपालिका घोषणा गर्दै लैजाने नेपाल सरकारको नीति अनुरुप २०७१ बैशाख २५ गते नेपाल सरकारको निर्णयबाट साविकको शिबमन्दिर, कावासोती, पिठौली , अर्ग्यौली र कुमारवर्ती गा. वि. स. हरुलाई समेटेर कावासोती नगरपालिका घोषणा गरिएको हो । कावासोती नगरपालिका ऐतिहासिक महत्व बोकेको सांस्कृतिक सम्पदाले भरिपूर्ण धार्मिक तथा ऐतिहासिक पवित्र शक्तिपिठ, धार्मिक स्थलहरु लगायत विभिन्न जैविक विविधता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र बिभिन्न जातजाति, भाषाभाषी र धर्मालम्वीहरुको साझा बसोबास भएको यस नगरपालिकामा धार्मिक, पर्यटकीय तथा आर्थिक रुपले आफैमा आत्मनिर्भर रहने प्रचुर सम्भावना बोकेको नगरपालिका हो । यस नगरपालिकामा जम्मा घरधुरी १४,१०४ छ भने जम्मा जनसंख्या ६२,४२१ छ र यसमा पुरुषको संख्या २८,६१६ र महिलाको संख्या ३३,८०५ रहेको छ । कावासोती नगरपालिका १७ वटा वाडहरुमा विभाजित छ । नगरपालिका क्षेत्र साविकको शिबमन्दिर गा. वि.स.परिसरबाट नगरपालिकाको मुख्य कार्य सन्चालन हँदै आए पनि साविक कावासोती, पिठौली , अर्ग्यौली र कुमारवर्तीमा समेत संयुक्त वडा कार्यलयको रुपमा सेवा प्रवाह हुदै आएको छ । यस नगरपालिकाको क्षेत्रफल ११४ वर्ग कि. मि.रहेको छ ।

## ४.२ भौगोलिक अवस्था

देशको मध्यविन्दूमा रहेको कावासोती नगरपालिका नवलपुर जिल्लाको सदरमुकाम तथा यस जिल्लाको ठूलो व्यापारिक केन्द्र हो । कावासोती नगरपालिकाको पूर्वमा देवचुली न.पा., पश्चिममा मध्यबिन्दू न.पा र हुप्सेकोट गा.पा.,उत्तरमा हुप्सेकोट गा.पा. र दक्षिणमा नारायणी नदि र चितवन राष्ट्रिय निकुञ्ज पर्दछ  भने धरातलीय हिसावमा उत्तरी अक्षांश २६°५१' देखि २७.२' उत्तरी अक्षांश सम्म र पूर्वी देशान्तर ८४°५१' देखि ८५°१६' पूर्वी देशान्तर सम्म फैलिएको छ । समुद्रदेखि १८० मिटर देखि २०१ मिटरसम्म उचाईमा अवस्थित छ यस नगरपालिकाको कुल ११४ वर्ग कि.मि.मा फैलिएको छ । यो नगर हुँदै पूर्व(पश्चिम महेन्द्र राजमार्गमा गएको छ । पूर्व-पश्चिम महेन्द्र राजमार्गसँगको दूरीबाट हेर्दा

भरतपुर ३१ कि.मि., देशको राजधानी काठमाडौं १८३.८ कि.मि., पोखरा १५९.६ कि.मि., बुटवल ८५ कि.मि., विरगंज १५९.५ कि.मि. र हेटौंडा १०५.५ कि.मि.दुरीमा अवस्थित छन् । जसले यस ठाउँको भौगोलिक अवस्थितिको महत्वलाई दर्शाउँछ । महत्वपूर्ण बजार : कावासोती बजार, डण्डा बजार रहेका छन् । यस नगरपालिकाको राजधानीसँग सुलभ सडक सम्बन्ध रहेको छ । कावासोती नगरपालिकाको भू-उपयोगको तथ्यांक विवरण यस प्रकार रहेको छ :

**तालिका १ : कावासोती नगरपालिकाको भू-उपयोगको तथ्याङ्क विवरण**

| क्र.सं. | पेशा | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | कृषि | ५७ | |
| २ | सेवा | १९.८३ | |
| ३ | उद्योग | ५.१७ | |
| ४ | आवास तथा व्यापारिक | ५.१७ | |
| ५ | श्रम | २.७८ | |
| ६ | अन्य | ०.२८ | |
| ७ | जम्मा | १०० | |

स्रोतः कावासोती नगरपालिका, २०७६

कावासोती नगरपालिकाको कुल क्षेत्रफलको ५७% कृषिमा, सेवामा १९.८३%, उद्योगमा ५.१७%, आवास तथा व्यापारिकमा १४.९४%, श्रममा २.७८% र अन्य ०.२८% जमिन रहेको छ । कावासोती नगरपालिकाको कुल जनसंख्या ६२,४२१ रहेको छ । जसमा पुरूष २८,६१६ र महिला ३३,८०५ संख्या रहेको पाइन्छ । यहाँको कुल घरधुरी संख्या १४,१०४ छ ।

### ४.३ सामाजिक साँस्कृतिक अवस्था

यस नगरपालिकामा बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक विशेषता पाइन्छ । यहाँ बसोबास गर्ने मुख्य जातजातिहरू ब्राह्मण, क्षेत्री, नेवार, गुरूङ, तमाङ, दराई कुमाल, थारू, दमाई, कामी, सार्की, बोटे आदि पर्दछन् भने हिन्दु, बौद्ध, क्रिश्चियन, मुस्लिम आदि प्रमुख धर्मालम्बीहरू यहाँ रहेको पाइन्छ । यस नगरपालिकामा सरकारी कार्यालय ११ , विद्यालय संख्या ६३, संस्थागत विद्यालय २१, सामुदायिक विद्यालय ४२, सहकारी स्वास्थ्य ४, नगर क्षेत्रिय सहकारी संस्था २७, पूर्व (पश्चिम लोकमार्ग ११ कि.मि. रहेको छ । दक्षिणमा

नारायणी नदि, केरुंगे खोला यस नगरपालिकामा अवस्थित छ । विश्वविद्यालय २ वटा संचालनमा रहेको अवस्था छ ।  यस क्षेत्रको साक्षरतादर ६३.२४ प्रतिशत छ भने विद्युत सेवा ९०.३ प्रतिशतलाई उपलब्ध छ । संचार सेवा अन्तर्गत मोबाइल तथा आइ.एस.टि.डी. फोन सुविधा लगायत नमस्ते एनसेल तथा स्पाइस नेपालका सेवाहरू उपलब्ध रहेका छन् । त्यस्तै आम सञ्चारमा ४ एफ.एम. रेडियोहरू मध्यबिन्दू एफ.एम, नवलपुर एफ.एम, सामर्थ्य एफ.एम, कावासोती एफ.एम रहेकाछन् भने टेलिभिजनमा देवचुली टेलिभिजन,बुद्ध दर्शन टेलिभिजन र स्टार टेलिभिजन आदि उपलब्ध रहेका छन् । नियमित प्रकाशन विभिन्न पत्रपत्रिकाहरू सामर्थ्य, नवलपुर यस नगरपालिकाबाट प्रकाशन हुन्छन् । यस नगरक्षेत्रमा सडक कालोपत्रे, अधिकांश ग्रावेल तथा कच्ची सडकहरू रहेका छन् । यस नगरपालिका परिसर भित्र गणपति चलचित्रहल, मनोरञ्जन स्थलको रुपमा रहनुका साथै पर्यटकीय क्षेत्रहरुमा नर्मदेश्वर शिवालय मन्दिर, महाराजा मन्दिर,  पिठौली राधाकृष्ण मन्दिर, गिद्ध संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, पोखरी ताल, टरुवा ताल, बाघखोर होमस्टे नवलपुर उद्योग वाणिज्य संघ, रेडक्रस सोसाइटी , जस्ता सम्मेलन भवनहरू उपलब्ध रहेका छन् ।  त्यस्तै गरी अर्ग्यौली सामूदायिक पुस्तकालय तथा क्याम्पसका पुस्तकालय तथा विद्यालयका पुस्तकालयहरू आदि संचालनमा रहेका छन् ।

## ४.४ कावासोती नगरपालिका वडा नं. १ को संक्षिप्त चिनारी

कावासोती नगरपालिका नवलपुर जिल्लाको सदरमुकाम हो । यस नगरपालिका भित्र १७ वडाहरू समावेश छन् । जसमध्ये वडा नं.-१ एउटा महत्वपूर्ण वडा भित्र पर्दछ । यस वडाको पूर्वमा लालिगुरास महिला सामूदायिक, पश्चिममा हुप्सेकोट गाउपालिका, उत्तरमा महाराजा धार्मिक वन तथा दक्षिणमा कावासोती-२ पर्दछ । यस वडामा जम्मा घरधुरी १३१९ छन् भने जम्मा जनसंख्या १०,३०७ छ र यसमा पुरुषको संख्या ४,९८३ (४८.३५%) र महिलाको संख्या ५,३२४ (५१.६५%)  रहेको छ कोइलापानि कावासोती नगरपालिकाको कार्यालय देखि ५ कि. मी. उत्तर दिशामा अवस्थित छ । यस वाडको चौतारि टोलको जम्मा जनसंख्या ६४६ छ र यसमा पुरुषको संख्या ३१७ (४९.०७%) र महिलाको संख्या ३२९ (५०.९२%)  रहेको छ । यस वार्डमा महिला तथा पुरूषहरू पछिल्लो समयमा शिक्षित हुन थालेका छन् । उच्च शिक्षा लिने र व्यवसाय वा नोकरीमा लाग्ने यहाँको आम वडा बासीहरूको उद्देश्य नै बनेको छ । धेरैजसो कुखुरापालन ,वंगुरपालन , गाईपालन,

भैंसीपालन, अनि पसल गर्ने साथै शिक्षक पेशाका साथै अन्य तहमा जागिर गर्ने यस वडाका मानिसहरूको पेशा रहँदै आएको छ ।

### ४.५ अध्ययन क्षेत्रको जनसंख्या

कावासोति नगरपालिकाका १७ वडा अर्न्तगतमा पर्ने यस वडा नं. १ मा कोइलापानी चौतारीटोलमा रहेका ५२ घरधुरी मा कूल जनसंख्या ६४६ मध्ये पुरूष ३१७ र महिला ३२९ रहेको छ । यस क्षेत्रका उच्च हिन्दू परिवारका घरहरूमा विद्युत, शिक्षा, खानेपानी, सञ्चारका साधन आदि सबैको सुविधा रहेको छ । यस ठाउँको बौद्ध महिला-बुहारीहरू प्रायः कमै शिक्षित रहेका छन् । परम्परागत मूल्य मान्यताको सहारा लिएर छोरी बुहारीलाई घरमै राख्ने प्रवृत्तिमा कमी आएको छ र हिन्दु तथा बौद्ध धर्मालम्बीहरुले छोरी बुहारीलाई घर बाहिर गएर पढ्न नोकरी गर्न व्यवसाय गर्न छुट गर्दैआएको देखियो । केही महिलाहरू सामाजिक क्षेत्रमा सक्रिय हुन थालेका छन् । महिलाहरू हरेक क्षेत्रमा अग्रसर हुनुपर्दछ भन्ने मान्यता राख्ने भएपनि कतिपय बौद्ध धर्मालम्बीहरू भने अझै पनि रूढिवादी वा पुराना मुल्य मान्यतामा अल्झिरहेका छन् । यसबाट उनीहरू मुक्त हुन नसकिरहेको देखियो । हाल आएर महिलाहरू आफ्नो हक अधिकारको निम्ति लड्न थालेका छन् । समूह तथा सहकारी संघ संस्थामा आबद्ध हुन थालेका छन् । पुराना मुल्य मान्यतालाई तोड्न थालेका छन् । यसले गर्दा उनीहरू समाजमा अग्रणी रूपमा अगाडि बढ्न थालेका छन् ।

# अध्याय-पाँच

## महिलाको आर्थिक तथा सामाजिक अवस्थाको विश्लेषण

वनजन्य स्रोत नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा हो । मूलुकको झण्डै ९० प्रतिसत जनता कुनै न कुनै रुपमा वन पैदावर माथि आश्रित छन् भने ६० प्रतिसत त वन विना जिविको पार्जन गर्न नसक्ने अवस्थामा छन्। सन् १९८८ को वन विकास गुरुयोजना अनुसार वन क्षेत्रले कुल ग्प्रहस्थ उत्पादनमा १५ प्रतिशत योग्दान दिएको ठहर गरिएको थियो।

नेपालमा धेरै लामो अभ्यास पश्चात स्थानिय समुदायलाई वन व्यवस्थापन गर्न दिने प्रावधान आएको छ । वन व्यवस्थापन भन्नाले वनको संरक्षण, संवर्द्धन र सदुपयोग भन्ने बुझिन्छ । नेपाल सरकारले यसको लागि एउटा नीति बनाएको छ, जुन निम्नअनुसार छ

- स्थानिय जन समुदायले वरपर रहेका वन क्षेत्रहरु व्यवस्थापन गर्न चाहेमा उनिहरुले चाहेको र सक्ने जति वन क्षेत्र उक्त समुदायलाई हस्तान्तरण गरिनेछ।
- हस्तान्तरण गरिएको वनको संरक्षण, व्यवस्थापन तथा सदुपयोग स्थानिय जनसमुदाय स्वयंले गर्नेछन्।
- यसरि व्यवस्थान गरिएको क्षेत्रबाट प्राप्त सम्पुर्ण वन पैदावर तथा आम्दानि जनसमुदायको विगतका दशकहरुमा वन सम्वन्धी क्रियानै हुने छ ।

नेपाल सरकारको वन निति अनुसार नेपालमा विगतका दशकहरुमा वन सम्बन्धी क्रियाकलापहरुमा महिलाको सहभागिता वृद्धि भएको पुष्टि गर्न प्रशस्त प्रमाणहरु छन् । सामुदायिक तथा नीजि वन महाशाखाको व्यवस्थापकिय सूचना प्रणालीको तथ्याङ्क अनुसार सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका ११८७१८४ हेक्टर वन मध्ये २२८८० हेक्टर वन ७८४ महिला सामुदायिक वन उपभोक्ता समुहहरुले मात्र व्यवस्थापन गर्दै आएका छन् । यी महिला समुहहरुले आफ्नो वन निर्माण प्रक्रियामा पूर्ण नियन्त्रण कायम गरेका छन् ।

नेपाल सरकारको नीति अनुसार लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुह गठन गरि वन व्यवस्थापन कार्यमा सकृय रुपमा लागेका छन् । महिलाहरुको प्रयासबाट व्यवस्थित यस सामुदायिक वनलाई महिलाहरुले छलफल गरी व्यवस्थापनको उद्धेश्य तय गरेका छन् । जसलाई निम्न बुद्धाहरुमा प्रस्तुत गरिएको छः-

**क) सामुदायिक वन व्यवस्थापनको दीर्घकालिन उद्धेश्यहरुः-**

लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुहले तय गरेका वन व्यवस्थापनका उद्धेश्यहरु यस प्रकार छन्ः-

- असल प्रजाती तथा उत्पादनमूलक वनमा परिणत गर्ने,
- जैविक विविधताको संरक्षण गर्ने,
- वन उपभोक्ता समुहको आय आर्जनमा वृद्धि गराउन सहायक हुने आयमूलक कार्यक्रम संचालन गर्ने,
- वातावरण तथा भु-संरक्षण गर्ने,

**ख) सामुदायिक वन व्यवस्थापनको अल्पकालिन उद्धेश्यहरु**

- वनमा गनुपर्ने प्रुनिङ्ग, थिनिङ्ग, सिंगलिङ्ग, क्लाइम्बर कटिङ्ग जस्ता कार्यहरुमा स्थानिय उपभोक्ताहरुलाई अभ्यास गराउदै लैजाने र वनको हैसियतमा प्रतिकुल असर नपर्ने गरी उपभोक्ताहरुको दैनिक आवश्यकताहरु (घाँस, दाउरा,स्याउला आदि) निरन्तर रुपमा उपलब्ध गराउदै लैजाने,
- पुनरुत्पादनमा जोड दिने,
- खाली रहेको जग्गामा क्रमिक रुपमा वृक्षारोपण गराउदै लैजाने,
- आयमूलक कार्यक्रममा उपभोक्तालाई उन्मुख गराउने,
- माटो वालुवा ढुङ्गा चोरी हुनबाट बचाउने,
- वनमा भएका प्राकृतिक स्रोत साधनको संरक्षण गर्ने,

स्रोतः सा.व.उ.स. को कार्ययोजना

उपभोक्ताहरुको वनको व्यवस्थापन गर्न बनाएको विधान कार्ययोजनालाई संशोधन गर्न प्रावधान भए अनुसार यस लालीगुराँस महिला सामुदायिक वनको पहिले बनेको कार्ययोजना २०५९/६० लाई २०६६ सालमा संशोधन गरिएको छ र यो संशोधित कार्ययोजना हरेक ५/५ वर्षमा अध्यावधिक गरिदै आएको छ । यो सामुदायिक वनलाई जम्मा ४ वटा ब्लकमा छुट्याई विभाजन गरिएको छ । यसको क्षेत्रफल २.८७ हेक्टर क्षेत्रफल रहेको छ । यो वनमा साल, सिसौ, सिमल, खयर, साज आदि पाइन्छ ।

आजभन्दा १०/१२ वर्ष अगाडी यस वनको हैसियत एकदमै बिग्रिएको थियो । यसले गर्दा कोइलापानी चौतारी टोल बासी जनतामा यसको संरक्षण गर्नुपर्छ भन्ने भावनाको

विकास भइ संरक्षणको सुरुवात गरियो । वन जंगलको विनासले गर्दा त्यसको प्रत्यक्ष असर महिलालाई पर्ने भएकोले गर्दा यस वनको संरक्षणमा महिलाको सक्रियता पाइन्छ । यसरी स्थानीय महिलाहरुबाट संरक्षण गरिसकेपछि २०५५ सालमा लालीगुराँस महिला सामुदायिक वनको रुपमा हस्तान्तरण गरियो । हस्तान्तरण पश्चात वन व्यवस्थापनको काम प्राविधिक सहयोगमा महिलाहरुले नै गदै आइरहेका छन् । व्यवस्थापनको लागि यहाँका महिलाहरुले कार्ययोजना तयार गरेका छन् । यस वन कार्य योजनामा उल्लेख गरिएका वन व्यवस्थापनका कार्यहरु तल उल्लेख गरिएको छ ।

## ५.१ वन व्यवस्थापनका कार्यहरु

लालीगुराँस महिला सामुदायिक वनको व्यवस्थापन गर्न उपभोक्ताहरुले कार्ययोजना बनाएर काम गरेको देखिन्छ । ती निम्न प्रकार छन् ।

### ५.१.१ वन संरक्षण सम्बन्धी व्यवस्था

यस सामुदायिक वनको संरक्षणको लागि उपभोक्ता स्वयं नै उत्सुक भएको हुँदा यस वनको संरक्षणको लागि छुट्टै हेरालुको आवश्यकता महसुस गरिएको छैन । तसर्थ यस सामुदायिक वनका सम्पुर्ण उपभोक्ताहरुले आफुलाई नै हेरालुको रुपमा परिचालन गरेका छन् ।

**क) वन अपराधलाई नियन्त्रण गर्न अपनाइने तरिकाहरुः**

- नीजि जग्गामा वृक्षारोपणमा जोड दिई छिटो बढ्ने घाँस, दाउराको बिरुवा लगाउन लगाई आत्मनिर्भर बनाई वन जंगल उपरको चाप कम गर्ने,
- वनमा असर नपर्ने गरि सर्वसाधरणको दैनिक  आवश्यकताका वन पैदावार वनबाट बाहिर निकाली समान रुपले परिपूर्ति गर्ने,
- वनलाई हानि नोक्सानी गर्ने, चोरि शिकार गर्ने जस्ता अपराधको सुराक दिई पक्राउ गर्ने गराउनेलाई पुरस्कार व्यवस्था गर्ने,
- भुँइघाँस, पत्कर निकाल्दा विरुवा नोक्सानी गर्नेलाई दोब्बर विरुवा लगाउन लगाउने, ढुङ्गा, झिक्ने, शिकार गर्ने, वनको जग्गामा आवाद गर्ने, रुख काट्नेलाई दम्सी प्रमाण साथ कारबाहिको लागि पेश गर्ने,
- दैविप्रकोप, मर्दापर्दा, धार्मिक कार्य, विवाह, ब्रतबन्ध आदिमा समितीको निर्णय अनुसार काठ दाउरा दिने व्यवस्था गर्ने,

- अपराध गर्नेलाई कडा भन्दा कडा कारबाही गर्ने, सदस्यताबाट निलम्बन गर्ने, समुह बाहिरका व्यक्तिलाई समुहको विधान अनुसार कारवाही गरिनेछ,

यस वन क्षेत्रभित्र हानी नोक्सानी हुन नपाओस भनि पटके अपराधीहरुको लागि कडा कानुनी व्यवस्था अपनाइएको छ । तोकिएको समयभन्दा अन्य दिनहरुमा कुनै किसिमको काट्ने औजार, बन्चरो, खुर्पि, हसिया आदि लिई वन जंगलमा प्रवेश गर्न प्रतिबन्ध गरिएको छ।

## ५.१.२ वनको सम्बर्द्धन सम्बन्धी व्यवस्था

क) यस वन क्षेत्रमा साल, सिसौ, खयर आदिलाई मुना प्रणाली अनुसार व्यवस्थापन गरिनेछ भने अन्य बाङ्गा टिङ्गा रुखलाई काटी स्वस्थ रुखहरु मात्र राखिनेछ,

ख) बाक्लो भएको ठाउँमा कुकाठ जस्ताका रुखहरु हटाइने छ,

ग) क्लिनिङ्ग गर्दा वनक्षेत्रमा तितेपाती र अन्य अनावश्यक भएका उन्यू, वनमारा हटाइनेछ,

घ) रुखहरु थिनिङ्ग गर्दा रुखहरुको प्राथमिकता क्रम निम्नानुसार गरिने छः-

- सुकेका रुखहरु हटाउने,
- रोग लागेका, टुप्पो सुकेका, हाँगाविँगा भाँचिएका हटाउने,
- ढलेपलेका भाँचिएका, बाङ्गा, टिङ्गा रुखहरु हटाउने,
- थोत्रो, प्वाल परेर बिग्रेका ढल्न र मर्न लागेका,
- अति बाक्लो तथा एक अर्काले घाम छेकिएका र माथि बढन नसकेका रुखहरु,
- कम उपयोगी तथा नचाहिने जातका रुखहरु,
- रोटेशन एज पुगेका, गोलाई पुगी कटानी गर्न योग्य र हटाउन मिल्ने रुखहरु,
- रुख कटानी गर्नुपुर्व कटानी गरिने रुखहरु नम्बरिङ्ग गरिने छ,
- रुख कटानी गर्दा दिशा निर्धारण गरिनेछ,
- रुख कटानी वा छटानी गर्दा समुहको साधारण सभाको बहुमतले पारित गर्नुपर्ने छ,

## ५.१.३ वन पैदावारको सदुपयोग सम्वन्धी अवस्था

क) यस क्षेत्रमा भुइँघास प्रसस्त पाइने भएकाले वन उपभोक्ता सदस्यलाई निशुल्क भुइँघास बाह्रै महिना उपलब्ध गराइने छ,

ख) यस सामुदायिक वनभित्र हप्तामा दुई दिन मंगलबार र शनिबार घाँसको लागिमात्र हरियो स्याउला काट्न पाइने छ,

ग) प्रत्येक महिनाको पहिलो शनिबार सुकेको दाउरा निशुल्क उपलब्ध गराइने छ

उपलब्ध गराइने छ,

ङ) नयाँ वृक्षारोपण गरिएको तथा पुर्नउत्पादनबाट हुर्किएको विरुवा भएको क्षेत्रमा चरिचरण गर्न पाइने छैन्,

च) यस वन क्षेत्रभित्र कुनै पनि प्रयोजनको लागि आगलागि गर्न र गराउन पाइने छैन,

छ) वन अतिक्रमण हुन नदिई समुह समिती सधै सजग रहनेछ। यस्तो कार्य कोही कसैले गरेमा वा विरुवा नोक्सान गरेमा विगो जफत गर्ने र सो अतिक्रमण भएको क्षेत्र छाड्न लगाई अतिक्रमणकारीलाई हानि नोक्सानी भएको क्षेत्रमा वृक्षारोपण लगाइने छ,

ज) विभिन्न श्रोतबाट प्राप्त वन पैदावरहरु न्युनतम मूल्य निर्धारण गरि उपभोक्ता समुहका सदस्यहरु बीच आवश्यकता अनुसार वितरण गरिनेछ,

झ) विद्यालय निर्माण, मर्मत सुधार गर्न, विपन्न वर्गका लागि घर निर्माण तथा अन्य मठ मन्दिर लगाएत अन्य सामाजिक कार्यका लागि आवश्यकता अनुसार काठ उपलब्ध गराइने छ। यसरी काठ उपलब्ध गराउदा ढलेपढेका मध्येबाट समितीको निर्णय अनुसार गराइने छ।

## ५.२ सदस्यहरुको सामाजिक तथा आर्थिक अवस्था

महिलाहरुको आर्थिक तथा सामाजिक अवस्थामा लालीगुराँस महिला सामुदायिक वनको प्रभाव शिर्षकमा प्रस्तुत शोधपत्रमा उतरदाताको पारिवारिक, जातिगत, वैवाहिक स्थिती, परिवारको नियोजनको साधन प्रयोगको अवस्था, छोराछोरीको विवरण, गर्भावस्थामा स्वास्थ्य जाँच गरे नगरेको, आफ्नो नाममा सम्पति आदिको विवरणलाई प्रस्तुत गरिएको छः

### ५.२.१ जातिगत विवरण

यस लालीगुराँस महिला सामुदायिक वनमा आबद्ध महिलाहरुको जातिगत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं.२ उत्तरदाताको जातिगत विवरण**

| क.सं. | जाति | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ब्राहमण | १८ | ३४.६२ | |
| २ | क्षेत्री | ८ | १५.३८ | |
| ३ | मगर | १० | १९.२३ | |
| ४ | गुरुङ्ग | ५ | ९.६२ | |
| ५ | दलित | ६ | ११.५४ | |
| ६ | अन्य | ५ | ९.६२ | |
| जम्मा | | ५२ | १०० | |


स्रोतः स्थलगत अध्ययन २०७६

माथिको तालिकालाई विश्लेषण गर्दा यस लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुहमा सबै किसिमका मानिसहरुको सहभागिता रहेको पाइयो । यस वनमा ब्राहमणको संख्या १८ जना(३४.६२ प्रतिशत) रहेको पाइयो जुन सबैभन्दा धेरै रहेको छ । त्यसैगरि क्षेत्री ८ जना (१५.३८ प्रतिशत), मगर १० जना (१९.२३ प्रतिशत), गुरुङ्ग ५ जना ( ९.६२ प्रतिशत), दलित ६ जना (११.५४ प्रतिशत र अन्य ५ जना(९.६२ प्रतिशत) रहेको पाइयो । यस सामुदायिक वन उपभोक्ता समुहमा सबै समुदायको उपसिथती पाइयो, जसका कारणले वन व्यवस्थापनमा सबै जाति र समुदायको समान सहभागिता हुन गई सबै सदस्यहरुमा अपनत्वको भावना श्रृजना हुने भएकोले यस वनको संरक्षण र संबर्द्धन गर्न सहज हुने छ भने वन सम्बन्धी संरक्षण क्रियाकलापमा सबै जातजातिको सहभागिता हुने भएकोले सबै जाति एउटै थलोमा बसेर छलफल साथै अन्य कार्यहरु गर्ने भएकोले समाजस्यता रहेको, जातिय विभेदको खाडल कम हुन गई छुवाछुत रहित समाजको विकास हुने छ ।

### ५.१.२ वैवाहिक स्थिति

यस सामुदायिक वन उपभोक्ता समुहमा समावेश भएका महिलाहरुको पारिवारिक विवरण अन्तर्गत रहेर उत्तरदाताको वैवाहिक स्थितीलाई निम्न स्तम्भ चित्रमा देखाउन सकिन्छः

चित्र नं. १, उत्तरदाताको वैवाहिक स्थिति





स्रोत: स्थलगत अध्ययन, २०७६

माथिको स्तम्भ चित्रलाई विश्लेषण गर्दा लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुहमा समावेश भएका ५२ जना महिलाहरु मध्ये ४२ जना (८०.७७ प्रतिशत) विवाहित महिलाहरु, ७ जना (१३.४६ प्रतिशत) विधुवा तथा ३ जना (५.७७ प्रतिशत) अविवाहित रहेको पाइयो । यस सामुदायिक वन उपभोक्ता समुहमा अधिकाशं महिलाहरुको विवाह भएको देखिन्छ भने विधुवा तथा अविवाहित महिलाहरुलाई पनि सामाजिक कार्यमा सहभागी र नेतृत्वदायि भुमिकाको जिम्मेवारी प्रदान गरेको भेटियो भने अर्का तर्फ विधुवा महिलाहरुलाई समाजले हेर्ने दृष्टिकोणमा पनि परिर्वतन आएको पाइयो । यसका साथै छोरी बुहारी घरबाट बाहिर जानु हुदैन भन्ने सोचमा पनि परिर्वतन आएको पाइयो ।

## ५.२.३ पारिवारिक अवस्था

यस सामुदायिक वनमा आबद्ध महिलाहरुको पारिवारिक अवस्थालाई तलको वृत्तमा प्रस्तुत गरिएको छ:

**चित्र नं.२ उत्तरदाताको पारिवारिक अवस्था**




श्रोत: स्थलगत अध्ययन, २०७६

माथिको वृत्तलाई हेर्दा यस सामुदायिक वनमा आबद्ध जम्मा ५२ जना मध्ये एकात्मक परिवार ७५ प्रतिशत र संयुक्त परिवार २५ प्रतिशत रहेको पाइयो । यो तथ्याङ्कलाई हेर्दा परम्परागत परिवारमा जति जना दाजुभाई भए पनि हजुरबुवा, हजुरआमा, छोराछोरी र नातिनातिना सबै संगै बस्ने बृहद पारिवारिक ढाचा हुन्थ्यो तर आजभोली उक्त सोचमा परिर्वतन आएको छ । दाजु भाईहरु अलग अलग बसेर आफ्नो काम गर्ने र आफ्नो व्यवस्थापन आफै गर्ने परिपाटीको विकास हुन थालेको छ । यसले सकरात्मक र नकरात्मक दुवै खालका असरहरु देखापारेको छ । एकात्मक परिवार सानो, छिटो र छरितो हुने, काममा एकले अर्काको आस नगर्ने भएकोले काम छिटो सम्पन्न हुने, परिवारको रेखदेख गर्न पनि सजिलो हुने भए पनि केटाकेटीहरुमा आफ्नो हजुरबुवा, हजुरआमा लगाएत अन्य पारिवारका सदस्यहरुको कमि हुने भएकोले संस्कारगत कमि भएको पाइयो भने अर्को तर्फ अलि व्यस्त हुने बाबुआमा परिवारमा मायाको अभाबले गर्दा उनिहरु गलत बाटो तर्फ लागेको पाइयो ।

## ५.२.४ सन्तानको विवरण

लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समूहमा रहेका ४२ जना विवाहित र ७ जना विधुवा महिलाहरुलाई सन्तानको विवरण सम्बन्धी अध्ययन गर्दा आएको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं.३, उत्तरदाताको सन्तानको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छोरामात्र | १२ | २८.५७ | |
| २ | छोरीमात्र | ५ | ११.९० | |
| ३ | छोराछोरी दुवै | २५ | ५९.५२ | |
| | जम्मा | ४२ | १०० | |


स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ३ को अध्ययनको गर्दा यस सामुदायिक वन उपभोक्ता समुहमा रहेका महिलाहरुको सन्तानको विवरण अनुसार छोरामात्र भएका १२ जना(२८.५७ प्रतिशत), छोरीमात्र भएका ५ जना(११.९० प्रतिशत) र छोराछोरी दुबै भएका २५ जना(५९.५२) प्रतिशत पाइयो । यस समुहका अधिकाशं महिलाहरु पाको उमेरका भएका कारणले अधिकाशंको सन्तानहअरु दुबै भएको पाइयो । महिलाहरु जब छलफल, गोष्ठी तथा तालिमहरुमा सहभागी हुन थाले उनिहरुमा परम्परागत सोचमा परिवर्तन आउन थाल्यो र छोरीलाई पनि छोरासरह मान्यता दिन थाले जुन कुरा जम्मक विवाहित महिला मध्ये ५ जनाले छोरीमात्र जन्माउनुले पुष्टि गर्दछ ।

**५.२.५ गर्भावस्था चेकजाँच सम्बन्धी विवरण:**

नवलपुर जिल्लामा अवस्थित यस लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुहका महिलाहरुको पारिवारिक स्थिती सम्बन्धी जानकारी सम्बन्धमा गरिएको गर्भावस्था चेकजाँच सम्बन्धी विवरणलाई निम्न स्तम्भचित्रमा प्रस्तुत गरिएको छ:

**चित्र नं. ३, उत्तरदाताको गर्भावस्था चेकजाँच सम्बन्धी**




स्रोतः स्थलगत अध्ययन, २०७६

माथिको स्तम्भचित्रलाई विश्लेषण गर्दा यस लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुहका ४२ जना महिलाहरु मध्ये ३६ जना(८५.७१ प्रतिशत) ले गर्भावस्थामा गर्भ परिक्षण गराएको र ६ जना(१४.२९ प्रतिशत) ले गर्भवस्था परिक्षण नगराएको पाइयो । गर्भावस्थामा स्वास्थ्य परिक्षण किन नगराएको भनि सोधेको प्रश्नमा लाज लागेको, घरबाट निस्कन खासै फुर्सद नपाएको आदि प्रतिक्रिया पाइयो । यसबाट के कुरा थाहा पाउन सकिन्छ भने औषत रुपमा हेर्दा ८५.७१ प्रतिशत गर्भवतिले नियमित चेकजाच गर्नु राम्रो देखिन्छ भने १४.२९ प्रतिशतले चेकजाच नगर्नु पनि खासै नराम्रो भन्न मिल्दैन ।

### ५.२.६ शौचालय विवरण

प्रस्तुत शोधपत्रमा यस लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुहमा समावेश भएका महिलाहरुको सामाजिक अवस्था अर्न्तगत शौचालयको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. ४,उत्तरदाताको शौचालयको अवस्था**

| क.सं. | शौचालयको किसिम | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की शौचालय(घर भित्रै) | १५ | २८.८५ | |
| २ | पक्की शौचालय (घर बाहिर) | २४ | ४६.१५ | |
| ३ | कच्ची शौचालय | १३ | २५ | |
| | **जम्मा** | **५२** | **१००** | |


स्रोतः स्थलगत अध्ययन, २०७६

तलिका नं. ४ लाई विश्लेषण गर्दा उत्तरदाताको शौचालय विवरणलाई हेर्दा यस सामुदायिक वन उपभोक्ता समुहमा समावेश भएका महिलाहरु मध्ये १५ जना (२८.८५ प्रतिशत) महिलाहरुको घरमा घरभित्र नै आधुनिक किसिमको शौचालय रहेको पाइयो भने २४ जना (४६.१५ प्रतिशत) महिलाहरुको घर भन्दा बाहिर तर पक्की शौचालय रहेको पाइयो भने १३ जना (२५ प्रतिशत) महिलाको घरमा कच्ची किसिमको शौचालय रहेको पाइयो भने शौचालय नै नहुने घर शुन्य रहेको पाइयो । यसबाट के स्पस्ट हुन्छ भने आधुनिक जिवनशैलि र चेतनाको विकासले महिला आफनो र घर परिवारको स्वास्थ्यमा पनि सचेत हुदै गएका छन्।

**५.२.७ घरको अवस्था**

सामुदायिक वन उपभोक्ता समुहका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था अर्न्तगत अध्ययन क्षेत्रमा समावेश भएका महिलाहरुको घरको किसिम सम्बन्धी विवरणलाई वृत्तमा प्रस्तुत गरिएको छः

**चित्र नं. ४, उत्तरदाताको घरको अवस्था**




स्रोत: स्थलगत अध्ययन, २०७६

माथिको वृतचित्रलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा रहेका ५२ जना महिलाहरुको घरको अवस्थालाई हेर्दा ९.६२% महिलाहरुको घर कच्ची खरको छानो, ६७.३१% महिलाको घर टिनको छानो र बाकि २३.०८% महिलाहरुको ढलान गरेको घर रहेको पाइयो । सामुदायिक वनमा महिलाहरु आबद्ध भएपछि वनको संरक्षण र विकास भयो जसले गर्दा वनजन्य वस्तुहरुको उत्पादन बढ्दै गएकाले वनमा आबद्ध सदस्यहरुले आफ्नो आवश्यकता अनुसार काठ, ढुङ्गा वनबाट प्राप्त गर्न पाएका कारण उनिहरुको घरको स्तरमा सुधार भएको पाइयो ।

**५.२.८ उत्तरदाताको शैक्षिक अवस्था**

शिक्षा जीवनको अति महत्वपूर्ण साधन हो । जसले मानिसहरूको जीवनलाई आत्मनिर्भर, स्वावलम्वी एवं आत्मविश्वास बढाउन सार्थक भूमिका खेल्छ । शिक्षा मानव जीवनको उज्यालो ज्योति हो । जबसम्म समाजमा पुरूष समान महिलाहरू साक्षर हुँदैनन् तबसम्म परिवार, समाज र राष्ट्रको कुनै पनि क्षेत्रको विकास सम्भव देखिँदैन । नेपाल जनसांख्यीक एवम् स्वास्थ्य सर्वेक्षण २०११ का अनुसार पुरूषको तुलनामा महिलाको साक्षरता दर कम छ । रोजगार महिलाको साक्षरता दर २७.३ प्रतिशत छ भने निरक्षर ७१.३ प्रतिशत छ । पुरूषको हकमा ५६.९ प्रतिशत रोजगारीमा लागेका छन् र ४२.२ प्रतिशत

निरक्षर पुरूषहरू रोजगारीमा आवद्ध छन् । कृषिमा आवद्ध भएका महिलाहरूको साक्षर दर कम छ र उच्च स्तरका जागिरमा बढी छन् (एन.डी.एच. सन् २०११) ।

यहाँ महिलाहरूको शैक्षिक स्थितिलाई तालिकाको रूपमा देखाउने प्रयास गरिएको छ र तालिकाको अन्त्यमा उल्लेखित विवरणहरूको विवेचना समेत गरिएको छ । तालिका ५ मा उल्लेख भएझै उत्तरदाताहरूको शैक्षिक अवस्थालाई निरक्षर साक्षर एवं. विभिन्न तहहरूको बारेमा उल्लेख गरीएको छ । यस तथ्य बाट महिलाहरूको राष्ट्रिय साक्षरता को दर अझ विकास हुनुपर्ने संकेत गर्दछ । त्यसका लागि महिलाहरूलाई पढ्ने अवसरहरू प्रदान गर्नु पर्ने देखिन्छ । पारीवारिक जिम्मेवारी, सन्तान उत्पादन एवम् महिलालाई शिक्षामा प्राथमिकता कम दिनु जस्ता कारणले गर्दा सोचेजस्तो स्तर बढ्न सकेको छैन ।

**तालिका ५ : उत्तरदाताको शैक्षिक स्थिति**

| क्र.स. | शिक्षाको स्तर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | २ | 3.८५ |
| २ | साक्षर | 15 | 28.८५ |
| ३ | मा.वि. | 20 | 38=46 |
| ४ | उ.मा.वि. | 15 | 28.८५ |
| **जम्मा** | | **52** | **100** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

अध्ययन क्षेत्रमा पढ्न लेख्न नजान्ने ३.८५ प्रतिशत र साधारण पढ्न लेख्न मात्रै जान्ने २८.८५ प्रतिशत उत्तरदाताहरू रहेका छन् । अन्यले विभिन्न तहहरूमा अध्ययन पुरा गरेको पाइयो । माध्यमिक तह अध्ययन गर्ने ३८.४६ प्रतिशत र उ.मा.वि.२८.८५ प्रतिशत रहेको पाइयो । अध्ययनको क्रममा “स्तरीय जागिरमा बढी दक्षता चाहिने तथा त्यस्ता कामहरूको अवसर समेत कम हुने गरेकोले अधिकांश महिलाहरू सानो तहमै भएपनि काम गर्दै गरेको पाइयो । अध्ययन पुरा नहुनुको कारण छिट्टै विवाह भएको र विवाहपछाडी घर परिवारको जिम्मेवारी बहन गर्नुपर्ने बाध्यतात्मक परिस्थितिका कारण पढाईलाई बीचैमा बिट मार्नुपरेको कुरा उत्तरदाताहरूले व्यक्त गरेका छन् ।” विवाहित महिलाहरूले शिक्षाको क्षेत्रमा पाएका अवसरहरूको बारेमा सहभागिको प्रतिकृया यस्तो पाइयो । शिक्षा र सम्पत्ति भएको खण्डमा महिलाहरू आँफूलाई मजबुद ठान्दछन् । तसर्थ शिक्षाको उज्यालो ज्योतिबाट जब महिला पछाडि पर्छिन् त्यसपछि उनको दुखदायी दिनहरू सुरू हुन्छन् । पढाई नहुँदा पनि

पुरूषबाट हेपिनु पर्ने अनि महिलाद्धारा नै महिलाको अपहेलना  गरिन्छ । त्यस्तै शिक्षा लिनको लागि छोरीलाई जति सहज हुन्छ तर एउटा विवाहित महिलालाई निकै नै कठिन हुने गर्दछ । घरका परिवारलाई खुशी राखेर आफ्नो अध्ययनलाई अगाडि बढाउनु निकै चुनौतीपूर्ण विषय रहेको छ ।

समूहगत छलफलको क्रममा भुर्तेल थरकी ४५ वर्षिय एक महिला भन्नुहुन्छ । “प्रायः विवाहपछि महिलाहरू अध्ययन गरिरहेको भएता पनि घरायसी समयानुकुल नहुँदा पढाईलाई विचैमा छाडेको देखिन्छ । त्यस्तैगरी पारिवारीक सपोर्ट पनि हुन जरूरी छ, विवाहपछि सन्तान, श्रीमान् अनि सासु ससुरा, नन्द अमाजु, देवर जेठाजु सबैको ख्याल हेरविचार एवं. मानसम्मानमा जुट्दा जुट्दै बुहारीको शिक्षा घरभित्रै सीमित हुन पुगेको अवस्था अझैपनि छ ।”

यसै प्रश्नमा आधारित रहेर गरिएको प्रश्नमा निवर्तमान् वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद पौडेल भन्नुहुन्छ - “विवाहपश्चात् महिलाको शिक्षामा समान किसिमको निरन्तरता पाउन सकेको छैन । मन इच्छा र चाहना हुँदाहुँदै पनि पढाईलाई बिचैमा विट मार्नुपरेको अवस्था छ । विवाह पछिको शिक्षालाई अगाडि बढाउन पारिवारिक पृष्ठभूमि एवं सामाजिक मूल्य मान्यताको अहम भूमिका रहेको हुन्छ । वर्तमान समयमा पढिरहेको विद्यार्थीलाई पढाउने सर्तमा नै विवाह गरिदिएका हुन्छन तर महिलाले स्वयम् पढने इच्छा देखाउनु पर्‍यो अनि समय व्यवस्थापन गर्न सकेमात्र विवाहित महिलाको शिक्षाले निकास पाउनेछ ।” शिक्षित परिवारमा विवाह पछाडि नै महिलाले उच्च शिक्षा हासिल गर्न पाएका पनि छन् । पारिवारिक वातावरण राम्रो भएको र आर्थिक रूपमा मजबुत परिवारले नै बुहारीलाई तहगत तथा प्राविधिक शिक्षा लिनको लागि प्रोत्साहित गर्न सक्दछ । अनि मात्र विवाहित महिलाको शिक्षाले निरन्तरता पाउँदछ ।

**५.२.९ स्वास्थ्य स्थिति :**

स्वास्थ्य मानिसको पहिलो प्राथमिकतामा पर्दछ । भनिन्छ स्वास्थ्य नै धन हो । यदि कुनै पनि व्यक्ति स्वस्थकर जीवन व्यतित गरिरहेको छ भने ऊ धनी व्यक्ति हो । प्राचीन समयमा स्वास्थ्य उपचार पद्धति भिन्न थियो । जसमा झारफुक जडिबुटीको प्रयोग, ग्रह काट्ने, पूजा लगाउने आदि प्राचिन स्वास्थ्य उपचार नपाएर मर्ने गर्दथे । बिरामी पर्दा भाकल गर्ने, धामी झाँक्री आदिमा विश्वास गर्ने यस समूदायका मानिसहरू स्वास्थ्य चौकी, अस्पताल जान थालेका छन् । पछिल्लो समयमा विभिन्न NGO, INGO तथा अस्पतालहरूले

दिने जनचेतनामूलक कार्यक्रम, रेडियो, टिभी, सामाजिक सञ्जालबाट प्राप्त गरिने स्वास्थ्य सम्बन्धी सूचनाले समय समयमा सामाजिक संघसंस्थाद्वारा गरिने स्वास्थ्य शिविरमा महिलाको सहभागिता उल्लेख्य मात्रामा रहेको देखिन्छ । बिरामीको सामान्य अवस्था बाहेक जटिल स्वास्थ्य समस्या भएमा यो अध्ययन क्षेत्रबाट ३३ कि.मि. दुरीमा रहेका भरतपुरका अस्पतालहरुबाट स्वास्थ्य सुविधा यहाँका महिलाहरूले लिएका छन् ।

महिलाको स्वास्थ्यले महिलाको शैक्षिक तथा आर्थिक एवं सामाजिक, राजनैतिक क्रियाकलापको सहभागितामा प्रत्यक्ष असर पार्दछ । कमजोर स्वास्थ्य हुने महिला न त रोजगारीको क्षेत्रमा अघि बढ्न सक्छिन् न त उच्च शिक्षा सहितको दक्षता हासिल गर्न सक्छिन् । दक्षता बिना राजनैतिक क्षेत्र पनि महिलाका लागि खासै सान्दर्भिक रहँदैन । कमजोर प्रजनन स्वास्थ्यका कारण पुरूषको तुलनामा विवाहित महिलाको स्वास्थ्य स्वभाविक रूपमा कमजोर हुने गर्दछ । उचित खानपान स्याहार सम्भार एवं सुत्केरी आमा, शिशु स्याहारमा ध्यान पुऱ्याउन नसक्दा यस्तो समस्या देखा परेको सहभागी महिलाहरूको भनाई थियो ।

निकर्षमा भन्ने हो भने यस अध्ययन क्षेत्रका विवाहित महिलाहरू दीर्घकालिन रोगबाट ४/५ जना बाहेक पिडित नरहेको देखिन्छ, साथै महिलाको स्वास्थ्यले लैङ्गिक समता र शैक्षिक सशक्तिकरणको पक्षमा प्रत्यक्ष प्रभाव पार्दछ । यदि समयमै महिलाको स्वास्थ्यलाई ध्यानमा राखी परिवारबाट सहयोग प्राप्त गरेमा मात्र उनी सामाजिक तथा आर्थिक, राजनीतिक, साँस्कृतिक, प्रशासनिक सेवा लगायतका क्षेत्रहरूमा आफुलाई सफल रूपमा सहभागी गराउन सक्दछिन् ।

### ५.१.१० पेशागत अवस्था

पेशा मानव समूदायको एक महत्वपूर्ण इलम हो । मानव समूदायले आफ्नो जिविकोपार्जनको शिलशिलामा कुनै न कुनै पेशा अपनाएका हुन्छन् । पेशाले नै समाजमा कुनै पनि व्यक्तिको स्तर निर्धारण गर्दछ । जति-जति सवल (आर्थिक उपार्जन बढी हुने पेशा) पेशा व्यक्तिले अपनाउँने गर्दछ त्यत्ति नै व्यक्ति तथा त्यस परिवारको आर्थिक पाटो सवल हुन्छ । आर्थिक पाटो सवल भएमा हामी कुनै पनि कार्य सवल तरिकाले अगाडि बढाउन सक्छौं । जसका कारण हामी समाजमा प्रतिदिन सम्मानजनक जीवन बिताइरहेका हुन्छौं । अनुसन्धान क्षेत्रका महिलाहरुको पेशागत अवस्था निम्न अनुरुपको छ ।

**तालिका ६ : पेशाको प्रकृतिको आधारमा उत्तरदाताको विवरण**

| क.स. | पेशा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | 30 | ५७.६९ |
| २ | व्यापार | 10 | १९.२३ |
| ३ | नोकरी | 7 | १३.४६ |
| ४ | ज्याला मजदुरी | 5 | ९.६२ |
| ५ | जम्मा | 52 | 100 |


स्रोत: स्थलगत अध्ययन २०७६

प्रस्तुत तालिका ५ को आधारलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका ५२ जना महिलाहरू कृषि लगायत व्यापार, नोकरी, ज्याला मजदुरी जस्ता पेशाहरूमा संलग्न रहेको पाइयो । तालिकामा प्रस्तुत गरिए जस्तै साना व्यापार गर्ने जस्तै पसल गर्ने १० प्रतिशत त्यसैगरी नोकरी गर्ने १३.४६ प्रतिशत, कृषि कार्यका रूपमा आफ्नो घरायसी कार्य मात्रै सिमित हुने ५७.६९ प्रतिशत र ज्याला मजदुरी गरी आफ्नो दैनिक गुजारा चलाउने ९.६२ प्रतिशत महिला उत्तरदाताहरू रहेछन् तर कतिपय महिलाहरु आफू प्रत्यक्ष रूपमा आर्थिक उत्पादनमा सहभागी हुन नपाउँदा, आर्थिक स्वतन्त्रता चाँहि नभएको भन्ने अनुभव भेटियो । त्यस्तै जागिरमा संलग्न हुने महिलाहरूको आर्थिक स्थिति सुदृढ भएको र परिवारमा पनि छुट्टै इज्जत हुनुका साथै आर्थिक रूपले सक्षम महिलाहरू सामाजिक तथा घरायसी निर्णय प्रक्रियामा आफ्नो तर्क, निर्णय सहजै राख्न सक्ने भएका छन् । यी माथि उल्लेखित पेशाहरू उत्तरदाता स्वयं ले अपनाएको पेशा हो । घरमा बस्ने मानिसहरूले उक्त पेशा मार्फत आफ्नो जीविका चलाइरहेका छन् ।

### ५.२.११ उत्तरदाताको जमिनसंगको स्वामित्व

उत्तरदाताको जमिनसंगको स्वामित्व विवरणलाई तलको वृतबाट प्रस्तुत गर्न सकिन्छः

चित्र नं. ५, उत्तरदाताको जमिनसंगको स्वामित्व





स्रोतः स्थलगत अध्ययन, २०७६

माथिको चित्रलाई विश्लेषण गर्दा उत्तरदाताहरुको जमिनसंगको स्वामित्वलाई हेर्दा आफ्नो नाममा जमिन भएकाहरु २८.८५ प्रतिशत र आफ्नो नाममा जमिन नहुनेहरु ७१.१५ प्रतिशत रहेको पाइयो । आफ्नो नाममा जमिन नरहेको संख्या बढि भएको कारण सोध्दा नेपाल पितृसतात्मक देश भएको कारणले महिलाको नाममा नभई पुरुषहरुको नाममा रहेको हुनाले महिलाको नाममा नरहेको प्रतिक्रिया पाइयो । जग्गा जमिन आफ्नो नाममा नभए पनि समाजमा महिलाहरु सक्रिय हुन थालेपछि पुरुषहरुमा पनि चेतनाको विकास हुन गई जमिनको प्रयोग, उत्पादन र विक्रि वितरणमा महिला र पुरुषको समान सहभनगिता र समझदारी हुने गरेको अध्ययनको क्रममा पाइयो ।

### ५.२.१२ पशुपालन सम्बन्धी विवरण

छनोटमा परेका उत्तरदाताहरुको पशुपालन सम्बन्धी विवरणलाई निम्न स्तम्भचित्र द्वारा स्पष्ट पार्न सकिन्छः

चित्र नं.६ उत्तरदाताको पशुपालन सम्बन्धी विवरण




स्रोतः स्थलगत अध्ययन, २०७६

माथिको चित्रअनुसार उत्तरदाताको पशुपालन सम्बन्धी विवरण हेर्दा अध्ययन क्षेत्र बजार भन्दा केहि दुरीमा रहेकाले त्यहाँका अधिकाशं महिलाहरुले पशुपालन गर्ने गरेको पाइयो । जसमा ५२ जना महिलाहरुमा गरिएको सर्वेक्षणमा ४७ जना अर्थात ९०.३८% ले पशुपालन गरेको र ५ जना अर्थात ९.६२% ले पशुपालन नगरेको पाइयो ।

पशुपालन गर्ने परिवारका सदस्यहरु वनमा आबद्ध नहुँदा र वनको विकास नहुँदा निर्वाहमुखि रुपमा पशुपालन गर्दथे अर्थात एउटा भैसी, एउटा बाखा र साथमा तिनीहरुको पाडापाडी वा पाठापाठी मात्र पाल्ने गर्दथे भने जब वनमा आबद्ध भए वनको विकासमा जुटे र वनजन्य उत्पादनमा वृद्धि भयो । त्यसबाट घास, स्याउला, सोत्तर आदि प्राप्त गर्न सहज भएपछि उनीहरुले पशुहरुको संख्यामा वृद्धि गरे जसबाट उत्पादित दुध,घिऊ, खसि, बोका आदिको उत्पादननमा क्रमिक वृद्धि भयो र उत्पादित वस्तुको बिक्रिबाट उनीहरुमा घरमा हुने सानातिना खर्च सञ्चालनमा सजिलो भएको पाइयो ।

उल्लेखित तथ्याङ्कको विश्लेषण गर्दा महिलाहरु चुलोचकौमा मात्र सीमित हुनुपर्छ भन्ने समाजको परम्परागत धारणामा परिवर्तन आए पश्चात महिलाहरु सामुदायिक वन सफलतापूर्वक संरक्षण, सम्बर्धन र सञ्चालन गर्न सफल भए जसले गर्दा वनजन्य उत्पादनमा बृद्धि भयो । पहिले घास, दाउराको सम्स्यामा अल्झने महिलाहरु आज त्यस समस्याबाट मुक्ति पाए साथै वनबाट घाँस, स्याउला, दाउरा, घर, गोठ निर्माणका लागि काठ, सोत्तर आदि उपलब्ध हुन थालेपछि विदेशमा गएर काम गर्ने श्रीमान्लाई पनि घरमै

बाखा तथा गाई पालन गरेर बस्ने वातावरण सृजना गर्न सफल भएका उदाहरण पाइयो जसले गर्दा यस वनमा आबद्ध महिलाहरुको उत्पादन र आम्दानीमा बृद्धि भएको पाइयो ।

**५.२.१३. सामुदायिक वनका प्रभावहरु**

महिलाहरु सामुदायिक वनमा आबद्ध भए पछि उनिहरुमा विभिन्न किसिमको सकरात्मक प्रभाव परेको पाइयो । उनिहरु विभिन्न तालिममा सहभागि हुनुका साथै आय आर्जनका कामहरुमा पनि सहभागि भएको पाइयो । साथै सामुदायिक वनले महिलाहरुमा ल्याएको सकरात्मक प्रभावलाई निम्न तालिकामा पनि प्रष्ट पार्न पनि सकिन्छः

तालिका नं. ७, वनले महिलामा पारेको प्रभाव

| क्र.सं. | महिलामा पारेको प्रभाव | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | बचत गर्ने बानीको विकास | २५ | ४८.०८ | |
| २ | तालिममा सहभागी | ५ | ९.६२ | |
| ३ | हस्तकलाको समान बनाउने सिपको तालिमको अवसर | १५ | १५.८५ | |
| ४ | नेतृत्व क्षमताको विकास | ५ | ९.६२ | |
| ५ | अन्य | २ | ३.८५ | |
| जम्मा | | ५२ | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०७६

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका ५२ जना महिलाहरुलाई वनले पारेको प्रभाव हेर्दा २५ जना (४८.०८ प्रतिशत) महिलाहरुमा बचत गर्ने बानीको विकास भएको पाइयो भने ५ जना(९.६२ प्रतिशत) महिलाहरु तालिममा सहभागी, १५ जना(१५.८५ प्रतिशत) महिलाहरु विभिन्न हस्तकलाका समानहरु बनाउने तालिममा सहभागी भएको पाइयो, ५ जना(९.६२ प्रतिशत) महिलामा नेतृत्व क्षमताको विकास भएको र बाकि महिलाहरु २ जना(३.८५ प्रतिशत) अन्य विविध कुराहरुमा सहभागि भएको पाइयो । माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने सामुदायिक वनमा महिलाहरु सहभागि हुन थालेपछि उनिहरुमा विस्तारै बचत गर्ने बानिको विकास भएको, आय आर्जनका लागि हस्तकलाका समान बनाएर बिक्री गर्ने, विभिन्न संघ संस्थाले गरेको सहभागि हुन थालेका नेतृत्व क्षमताको बिकास हुन थालेको पाइयो ।

# अध्याय - छ

## सारांश र निष्कर्ष

### ६.१ सारांश

यस अध्ययनमा लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुहको सामाजिक-आर्थिक अवस्था, वन व्यवस्थापन योजनाको कार्यान्वयन र सामुदायिक वन व्यवस्थापन क्रियाकलापहरुमा महिलाहरुको सहभागितालाई मुख्य आधार बनाएर विश्लेषण गरिएको छ। यस क्षेत्रमा मुख्यतया ब्राहमण, क्षेत्री, मगर, गुरुङ्ग, विश्वकर्मा आदिको बसोबास रहेको छ।

कुनै पनि काममा बराबरको भागीदार हुने कामलाई सहभागिता भन्न सक्छौं। सामुदायिक वन कार्यक्रमको सन्दर्भमा सहभागिता भन्नाले समुहको विधान र वन कार्ययोजना तयार एवं संशोधन गर्ने देखि लिएर यी दस्ताबेजमा उल्लेख भए अनुसारका विषयहरुमा निर्माण तथा काम गर्ने कुरामा समेत संलग्न हुने प्रक्रिया भन्ने बुझिन्छ। अन्य कुनै किसिमको प्रलोभनमा नपरि सहि किसिमको सहभागिता स्वतस्फूर्त हुन्छ, जुन व्यक्तिको भित्री इच्छा र चाहाना अनुसार हुन्छ।

देशको आधा जनसंख्या महिलाहरुले ओगटेका छन्। विकासका कार्यमा महिलाहरुको सहभागिता महत्वपूर्ण हुन्छ। अवसर पाए भने महिलाहरुले धेरै सफलापूर्वक जिम्मेवारी पूरा गर्न सक्छन् भन्ने कुरा विभिन्न अध्ययनबाट देखिएको छ। हाम्रो देशका महिलाहरुको अवस्था पुरुषको तुलनाम धेरै पिछडिएको छ। शिक्षा, स्वास्थ्य, रोजगाारका अवसर, नेतृत्व लिने कुराहरु इत्यादिमा महिलाहरुको पहुँच ज्यादै का छ। यस्ता कुराहरुले महिलाहरुलाई पछाडि पारेको पाइन्छ। जबसम्म महिलाहरुको अवस्था सप्रिदैंन र उनिहरु पुरुष सरह अगाडि आएर काम गर्न सक्ने अवस्था सृजना हुँदैन, तबसमम देशको विकास अधुरो हुन्छ।

प्राम्भिक अध्ययनको आधारमा पुरुषहरु रोजगारको समस्यालाई लिएर घरबाहिर तथा विदेश जाने प्रवृत्तिले गर्दा महिलाहरुको काँधमा घरभित्र र बाहिरका सबै पक्षको जिम्मेवारीको बोझ अझ बढ्न गएको देखिन्छ। अर्कोतर्फ सामाजिक परम्परा र जिम्मेवारीको बोझ बढ्न गएको देखिम्छ। अर्को तर्फ सामाजिक परम्परा र अन्धविश्वासको आधारमा महिलालाई केबल घरभित्रकै कामहरुमा मात्र सिमित गरी पुरुषहरुले गर्ने क्रियाकलाप र सामाजिक पक्षका महत्वपूर्ण कार्यहरुमा बन्देज गराउनुका साथै निर्णयक तहमा पुरुषहरुलाई मात्र प्राथमिकता दिएको पाइन्छ। नेपालमा गरिएको धेरै अध्ययनबाट यो देखिन आएको छ कि सफल वन जंगल व्यवस्थापनमा महिलाहरुको सकृय सहभागिता हुनु

जरुरी छ । यसै कारणले नेपालको वन नीति नियमहरुमा महिलाहरुलाई अनिवार्य रुपमा समावेश गर्ने व्यवस्था भएको पाइन्छ ।

नेपालमा सामुदायिक वन विकासको सुरुवात देखि हालसम्मको तथ्याङ्कलाई हेर्दा १४ हजार ५७२ वटा सामुदायिक वन उपभोक्ता समुह गठन भइसकेका छन्( हाम्रो कल्पवृक्ष,वन विभाग, २०७४) । यी मध्ये ८ सय १३ वटा सामुदायिक वन महिलाहरुलाई मात्र हस्तान्तरण भएका छन् । यी समुहहरुले २६ हजार ३ सय ८० हेक्टर सामुदायिक वन व्यवस्थापन गर्दै आएका छन् । देशमा भएको सालाखाला हिसाब गर्दा प्रति महिला उपभोक्ता समुहले ३२.४५ हेक्टर वन क्षेत्र व्यवस्थापन गर्दै आएको देखिन्छ । देशभरमा महिलामात्र भएका उपभोक्ता समुहमा ६५६१२ घरधुरि समेटिएका छन् । देशभरमा उपभोक्ता समितिमा महिलाको सहभागिता संख्या १७७१५ छन् । जुन कुल उपभोक्ता समिती सदस्यको २७% हुन आउछ । तुलनात्मक रुपमा हेर्दा महिलाहरुलाई मात्र कमै वन सामुदायिक वनको रुपमा हस्तान्तरण गरेको देखिन्छ । यसरी महिलाहरुले संचालन गरेका सामुदायिक वन उपभोक्ता समुहमा उनिहरुको भूमिका कस्तो रहेको छ र वनका कारणले महिलाहरुको सामाजिक, राजनैतिक, आर्थिक पक्षहरुमा प्रभाव पारेको छ त्यसको बृहत अध्ययन हुन जरुरी रहेको छ ।

व्यवहारिक रुपमा हाम्रो समाजमा परम्परा देखि नै पुरुषको तुलनामा महिलाहरुले बढि जसो वन जंगलबाट घाँस, दाउरा, स्याउला आदिजस्ता दैनिक रुपमा आवश्यक पर्ने वन पैदावरको संकलन एवं सदुपयोग गर्ने काममा संलग्न हुन्छन् । यस अध्ययन क्षेत्रमा पनि वन पैदावर ल्याउने काममा महिलाहरु नै बढि सक्रिय रहेको देखिन्छ । यस सम्बन्धी नीति, नियम, संस्थाको विधान, कार्ययोजनामा भने टाठाबाठा महिला र पुरुषको सहभागिता देखिन्छ । यहाँ प्रायजसो पुरुषहरुको सल्लाह लिई आफ्नो नीति, नियम, विधान कार्ययोजना निर्माणको अन्तिम निचोड निकाली सोहि अनुरुप वन विकास र त्यसको स्वामित्व ग्रहण गर्ने कुरामा महिला आफै अग्रसर भएको देखिन्छ ।

यस लालीगुराँस महिला सामुदायिक वन उपभोक्ता समुहको अध्ययनले यो कुरा देखाउँछ कि महिलाहरुले सामुदायिक वनको संरक्षण, विकास र अन्य क्रियाकलापहरुमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । नेपालमा गरिएका विभिन्न अध्ययनबाट यो कुरा प्रमाणित भैसकेको छ  कि सामुदायिक वनको सफलता र यसको व्यवस्थापनमा महिलाहरुको सहभागिताको स्तरमा भर पर्दछ । यही कुरालाई मध्यनजर गरेर वन विकास गुरुयोजनाले सामुदायिक वन उपभोक्ता समितीमा कम्तिमा एक तिहाई सदस्य महिला हुनैपर्ने प्रावधान

राखेको छ । सामुदायिक वन उपभोक्ता समुहको सफलता कसरी महिला सदस्यहरु समुहको क्रियाकलापमा सहभागि भएका छन् भन्ने कुरामा भर पर्दछ । यहि सुत्रलाई अत्मसाथ गरेर यस अध्ययनले महिलाको सामुदायिक वन क्रियाकलापमा कस्तो स्थिती छ भन्ने कुराको लेखाजोखा गरिएको छ । अध्ययनमा गरिब महिलाका लागि सामुदायिक वन कार्यक्रम केन्द्रित गरिएको छैन् । यस अध्ययनबाट यो कुरा पनि पत्ता लागेको छ की महिला र पुरुषले गर्ने काममा एकदमै फरक छ । कार्यक्षेत्र अवलोकनको समयमा प्रायजसो महिलाहरु दिनभरि नै उत्पादक तथा पुनरुत्पादक कार्यमा व्यस्त भएको पाइयो । यहाँका महिलाहरुलाई दिनभर नै फुर्सद हुदैनथ्यो भने अर्को तर्फ पुरुषहरु केवल उत्पादक कार्यमा मात्र व्यस्त भएको पाइयो ।

यो सामुदायिक वन पूर्णतया महिलाहरुद्धारा नै व्यवस्थापन गरिएको वन हो । कार्यसमितिमा महिलाहरुको पूर्ण सहभागिता भएता पनि निर्णय प्रक्रियामा कार्य समितिका सबै महिलाहरुको समान सहभागिता छैन । सामुदायिक वन उपभोक्ता समुहमा पशुपालन गर्ने र दाउरा बढि प्रयोग गर्ने घरमा दाउरा, सोत्तर, स्याउला बढि प्रयोग गरिने भएकोले उनिहरुको सहभागिता बढि रहेको पाइन्छ । सामुदायिक वन उपभोक्ता समुहको कार्य समितीमा बढि जसो ब्राहमण जातिको त्यसमा पनि गाउँका अगुवा तथा धनी वर्गका छोरी, बुहारी तथा श्रीमतीहरुको प्रतिनिधित्व भएको छ । सामुदायिक वनका विभिन्न कार्यहरु थिनिङ्ग, प्रुनिङ्ग, सरसफाई र वृक्षारोपणमा महिलाहरुको सहभागिता पूर्णतया रहेता पनि निर्णय प्रक्रियामा तल्लो वर्ग, जातका महिलाहरुको पहुँच समेत रहेको पाइयो । यस अध्ययनबाट ३०-४० वर्ष उमेरका महिलाहरु वन व्यवस्थापन कार्यमा बढि सक्रिय देखिन्छन् । यसरी नै सामुदायिक वन कार्ययोजनाको आंशिक रुपमा लागू गरेको पाइन्छ । त्यस्तै सामुदायिक वन उपभोक्ता समुहको आम्दानीको बारेमा अलि कम ४० प्रतिशत महिलाहरुलाई मात्र सामान्य जानकारी भएको पाइयो । यसैगरि सामुदायिक वन व्यवस्थापन सम्बन्धी समितीले गरेका विभिन्न निर्णयहरु सम्बन्धी कुरा ७५ प्रतिशत महिलाहरुलाई मात्र थाहा भएको पाइयो भने विभिन्न संघ/संस्थाबाट तालिम, गोष्ठी, भ्रमण आदिको अवसर प्राय सम्पन्न परिवारका महिलाहरुले मात्र लिएको पाइन्छ ।

यस अध्ययनबाट वन विकासमा महिलाहरुको सहभागिताको महत्व, आवश्यकता र प्रभावको बारेमा समाजमा अन्य टाठाबाठा पुरुषहरुलाई पनि जानकारी हुनेछ । जसले गर्दा अन्य सामुदायिक वन तथा अन्य उपभोक्ता समितीमा पनि महिलाहरुको सहभागितालाई

सहज बनाएको पाइयो । यस सामुदायिक वनको थप विकास कसरी गर्न सकिन्छ, त्यसबाट कसरी बढि भन्दा बढि लाभ लिन सकिन्छ भनि थप क्रियाशील हुन महिलाहरुलाई उत्प्ररित गरेको पनि पाइयो भने अन्य सामुदायिक वनमा पनि महिलाको सहभागिता बृद्धि गर्न सहयोगीको भूमिका निर्वाह गर्ने छ ।

सामुदायिक वनको विकास र प्रबर्धनमा स्थानिय सरकार र यससँग सम्बद्ध प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने निकायकरुलाई वनको विकास कसरी गर्न सकिन्छ, त्यसका लागि स्थानिय सरकारको तर्फबाट के के कार्य सञ्चालन गर्न सक्यो भने महिलाहरुलाई सामाजिक मूल प्रवाहमा अगाडी आउन सक्छन, भन्ने कुरा प्रति थप जिम्मृवारी बोध गराई यसको विकासका लागि आवश्यक नीति निर्माण र योजना तर्जुमा गर्न महत्वपूर्ण सहयोगिको रुपमा काम लाग्ने छ भने वन विकासका लागि सामुदायिक वन उपभोक्ता समुहले आवश्यक बजेट माग गरी व्यवस्थापन गर्न पनि महत्वपूर्ण भूमिका खेल्ने छ ।

यस अध्ययनले केहि महत्वपुर्ण उपलब्धिहरु प्राप्त गरेको छ जसलाई तलको बुँदागत रुपमा प्रस्तुत गरिएको छः-

१. सामुदायिक वन विकासमा लालीगुराँस महिला सामुदायिक वनमा संलग्न महिलाहरुको अन्य संघ संस्थाहरुमा सहभागिता बढेको छ,
२. ग्रामिण क्षेत्रमा रहेका महिलाहरु पनि सामाजिक काममा सक्रिय रुपमा लाग्न थालेका छन् । वन व्यवस्थापनमा महिलाको भूमिका र महत्वबारे जानकारी भयो जसले गर्दा महिलाको सक्रियता अझ बढेर जाने देखिन्छ ।
३. यस सामुदायिक वनमा आबद्ध भएका महिलाहरु अन्य सामाजिक संघ संस्थामा पनि सहभागी भएका छन् ।
४. सामान्य खर्च खाँचोलाई पनि श्रीमानको मुख ताक्ने अवस्थाको अन्त्य भएको छ । वन उत्पादित घाँस, दाउराको प्रयोग गरि कृषि तथा पशुपालनमा बृद्धि गरी आम्दानीमा बृद्धि गरेका छन् ।
५. घर परिवारमा निर्णय प्रक्रियामा कुनै सहभागिता नहुने महिलाहरु आज पुरुष सरह सहभागि भई पारिवारिक काम गर्न सक्षम भएका छन् ।

## ६.२ निष्कर्ष

यस सामुदायिक वन उपभोक्ता समुहमा सामुदायिक वनको माध्यमबाट सामुदायिक विकास कम भएको पाइन्छ। सामुदायिक वनको रकम थोरै भएकोले यस्ता क्रियाकलापहरु संचालन गर्न नसकेता पनि मठ मन्दिर निर्माण गर्न थोर धेरै सहयोग गर्ने, प्रोत्साहन स्वरुप एस.एल.सी./यस.ई.ई. पास गर्नेलाई प्रमाणपत्र सहित अभिनन्दन गर्ने, अप्रत्यासित दुर्घटनामा पर्ने व्यक्तिलाई वा समुदायलाई क्षमता अनुसार सहयोग गर्ने, विवाह, ब्रतबन्ध जस्ता धार्मिक कार्यमा सामुहिक रुपमा टपरि गास्ने, घाँस दाउराको जोहो गरिदिने जस्ता क्रियाकलापमा महिलाको सहभागिता बढेको छ । यस सबै अवस्थालाई अध्ययन विश्लेषण गर्दा के भन्न सकिन्छ भने महिलाहरु अवसर पाएमा पारिवारिक वा व्यक्तिगत आम्दानिमा बृद्धि, समाजमा नेतृत्वदायी भूमिका, हामी पनि केहि गर्न सक्छौ भन्ने आत्म विश्वास, पारिवारिक र सामाजिक रुपमा निर्णय गर्ने क्षमतमा बृद्धि, महिलाहरुको सामाजिक अवस्थामा पुरुष सरह आफूलाई अगाडी बढाउन सक्षम छन् र जुन कुरा यो सामुदायिक वन र त्यसबाट उनिहरुको जिवनमा आएको परिवर्तनका आधारमा पुष्टि हुन्छ । महिलाहरुलाई घरभन्दा बाहिरका सामाजिक कार्यहरुमा राम्ररी जिम्मेवारी पूर्ण तरिकाले सहभागि गराउने हो भने महिलाहरुको मात्र नभएर सम्रग समाज कै आर्थिक, सामाजिक, राजनैतिक रुपमा फड्को मार्न सकिन्छ ।

# सन्दर्भग्रन्थसूची


आचार्य, बलराम (२०७२), *विकास समाजशास्त्र,* काठमाडौं : ज्ञानुकुञ्ज प्रकाशन ।

कावासोती नगरपालिका कार्यालय नवलपुर, नेपाल (बजेट तथा कार्यक्रम निर्णय पुस्तिका, (२०७४/७५) ।

खनाल प्रेम (२०७३/७४), *पर्वतिय दिगो वन विकासमा महिला वर्गको भूमिका: एक मानव शास्त्रीय विश्लेषण,* चौमासिक बुलेटिन, अंक १६ ।

तामाङ, सेरा (२०१६) नेपालमा विकास नारीवाद नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन ललितपुर सम्पादन, मेरी डेशेन, प्रत्युषवन्त सोसलसाइन्स ।

*जिल्ला वन कार्यालय, (२०७४), सामूदायिक वन विकास कार्यक्रम एक जानाकारी, नवलपुर*

जिल्ला वन कार्यालय, नवलपुर कार्यक्रम संगालो (२०७४/२०७५) । *जिल्ला वन कार्यालय, नवलपुर* (आ. व. २०७४/०७५) *को अनुगमन तथा मूल्यांकन विश्लेषण प्रतिवेदन ।*

*नवज्योति महिला सा.व. उ. स.* (२०५५), *सामूदायिक वनको कार्ययोजना र विधान,हापुर दाङ्ग ।*

नेपाल सरकार(२०७३), काठ्माण्डौं : *हाम्रो कल्पवृक्ष वर्ष २७ अंक २८८* वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग ।

नेपाल सरकार (२०७३), *सामूदायिक वन विकास दिग्दर्शन, वन तथा भू-संरक्षण मन्त्रालय,* वन विभाग, काठ्माण्डौं ।

पोखरेल, नानीराम, तिलकप्रसाद चौलागाई र केशवराज सापकोटा (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज । पौडेल, कृष्णकान्त (२०७०) सामाजीक स्तरीकरण एवं विविधीकरण, काठमाडौं : क्षितीज प्रकाशन ।

पौडेल गोपिचन्द्र(२०७३), *खरिदार प्रतियोगिता दिग्दर्शन, तृतिय पत्र,* कस्मिक पब्लिकेशन प्रा. लि. काठमाडौँ ।

पौडेल गोपिचन्द्र(२०७६), *खरिदार प्रतियोगिता दिग्दर्शन, तृतिय पत्र,* कस्मिक पब्लिकेशन प्रा. लि. काठमाडौँ ।

रासस (२०७५, चैत्र २३*),सामुदायिक वनको वर्तमान अवस्था,* सम्पादकिय ।

लालिगुराँस महिला सामूदायिक वन समिति (२०७५), कावासोती ।

*वन विभाग (२०५९), वन विकासमा महिला सहभागिता, हाम्रो वन* (श्री ५ को सरकार, २०५९) वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, ववरमहल ।

वन मन्त्रालयको विकिपिडिया,(२०७३) ।

वन स्रोत अध्ययन तथा कार्य समूह (फरेष्ट एक्सन, २०६०) *नेपालमा साझा स्रोत व्यवस्थापनमा न्यानोचितताको सवाल: केस अध्ययनहरुको संगालो, एकान्तकुना, ललितपुर ।*

सामूदायिक वन उपभोक्ता महासंघ, नेपाल (२०७५) *जिल्ला शाखा, नवलपुर ।*

*सामूदायिक वन विकास दिग्दर्शन,* (२०७३), *सामूदायिक वन कार्यक्रमको कार्यान्वयन निर्देशिका,*

Bhatia, A. (Ed), (1999). *Participatory forestry management : Implications for policy and human resources development in the Hindu Kush – Himalayas : volume V*–Nepal. Kathmandu (ICIMD)

Chhetri, G. Rana, S, (1995). *A Gender Analysis of Women's Participation in Community Forestry Nepal Australia Community Forestry project.*

D. F. 2004, *Community Forest Bulletin (11). Department of Forests,* Ministry of Forests and Soil Conservation.

*Department of Forest,* (1978). *Panchayat Forest Rule and Panchayat Protected Forest Rule,* 1978, NePal : HMG Press.

*Department of Forests,* (1990). *Master Plan for the Forestry Sector*, NePal Revised Sector Policy Nepal : HMG Press.

*Department of Forest,* (1992). Operational Guidelines of the community Forest Programme. Nepal : HMG Press.

*Department of Forest,* (1993). *Forest Act,* 1993 Nepal *:* HMG Press.

HMGN/FINNIDA (1988). *Master Plan for the Forestry Sector*, NePal : Main Report. Kathmandu : Master Plan for the Forestry Sector project.

Jonsan H.W.(2012), *Forest and Global warming.* HMG Press

Nightingel, A. J. (2015). Participating or just sitting in ? The dynamics of gender and cast in community forestry. *Journal of Forest and livelihood vol 2 ( 1 ).*

*Pokhrel, R. (2016). Rhetoric and reality of gender equality and participation*, the case of community forestry Baglung and Parbat.

*Regmi, S. (2015). Female participation in Forest resource management* : A Case Study of a Women's forest community in a Nepalese Village.

*Tamrakar, S.M. and Nelson, D.V. (2015). Potential community forestry land in nepal. Part 2.* community forestry development project, Kathmandu Nepal.

## परिशिष्ट १

### लालीगुराँस महिला सामूदायिक वन उपभोक्ता समूहलाई सोधिएका प्रश्नहरु

मिति :

सामान्य परिचय :

उत्तरदाताको नाम : ………………… लिङ्ग ……………… उमेर : ………

धर्म …………  जात/जातियता …………….

अ) पारिवारिक विवरण :  जम्मा सङ्ख्या : ……………..

| क.सं. | नाम, थर | लिङ्ग | उमेर | शिक्षा | पेशा | वैवाहिक स्थिति | धर्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

**क) सामाजिक पक्षसँग सम्वन्धि सोधिएका प्रश्नहरु**

१) तपाईको पेशा के हो ?

क) कृषि  ख) जागिर

ग) व्यापार  घ) गृहिणि  ङ) अन्य

२) तपाईको परिवारमा कति जना सदस्य छन् ?

क) छोराको सङ्ख्या …… ख) छोरीको सङ्ख्या ……. ग) जम्मा सङ्ख्या ……

३) तपाईको शैक्षिक योग्यता कति छ ?

क) निरक्षर  ख) साक्षर  ग) मा.वि  घ) उ.मा.वि.

४) तपाई कुन धर्मप्रति आस्था राख्नु हुन्छ ?

क) हिन्दु ख) बौद्ध ग) क्रिश्चियन घ) अन्य

५) घरायसी निर्णय गर्ने बेलामा तपाईलाई संलग्न गराइन्छ कि गराईंदैन ? किन ?

क) गराइन्छ ख) गराईंदैन , .......................................

६) तपाईको घरको अवस्था कस्तो किसिमको छ ?

क) कच्ची (काठको पर्खाल भएको ) ख) कच्ची (ढुङ्गाको पर्खाल भएको )

ग) पक्की (इट्टाको पर्खाल भएको ) घ) अन्य

७) तपाईको परिवारको किसिम कस्तो हो ?

क) एकल ख) संयुक्त

८) तपाईले गर्भावस्थामा नियमित गर्भ परीक्षण गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

९) तपाईले बिरामी भएमा स्वस्थ्य परीक्षण कहाँ गर्नुहुन्छ ?

क) स्वास्थ्य चौकीमा ख) अस्पतालमा ग) घरमा झारफुक गर्ने

१०) तपाईको घरमा दिशा पिसावको लागि शौचालय बनाउनु भएको छ कि छैन ?

क) छ ख) छैन

**ख) आर्थिक पक्ष र सामूदायिक वन सम्वन्धि सोधिएका प्रश्नहरु**

१) तपाईको परिवारको आम्दानीको मुख्य स्रोतहरु के के हुन् ?

क) कृषि ख) नोकरी ग) व्यापार घ) बैदशिक रोजगार ङ) अन्य

२) तपाईको परिवारको वार्षिक आम्दानी कति छ ? ....................

३) तपाईको नाममा जग्गा छ कि छैन ?

क) छ ख) छैन

४) तपाईको आफ्नो नाममा कति जग्गा छ ?

क) बिघा ......... ख) रोपनी ........... ग) धुर ......... घ) कठ्ठा ...........

५) तपाई कुनै आयमुलक काम गर्नु हुन्छ ?

क) गर्छु ख) गर्दिन ग) अन्य

६) यदि गर्नुहुन्छ भने के गर्नु हुन्छ ?

क) व्यापार ख) नोकरी ग) कृषि घ) अन्य

७) तपाईले आफै सालाखाला कति आम्दानी गर्नुभएको छ ?

क) दैनिक ........... ख) मासिक .......... ग) वार्षिक ................

८) यदि रकम प्राप्त हुने काम गर्नु हुन्न भने किन गर्नु हुन्न ?

क) शैक्षिक योग्यता नभएर ख) व्यापारका लागि लगानी नभएर

ग) बेराजगार भएर घ) मन नलागेर ङ) घरायसी काममा व्यस्त भएर

च) घरबाट अनुमति नदिएर छ) अन्य

९) यदि छ भने त्यो कसरी तपाईंको नाममा भएको हो?

क) माइतीबाट दाइजो प्राप्त ख) अंशबाट प्राप्त

ग) आफ्नै कमाइले किनेको घ) श्रीमान्को कमाइले किनेको

१०) तपाईको घर नजिक वन छ, छैन ?

क) छ ( ) ख) छैन ( )

११) यदि छ भने कुन प्रकारको वन छ ?

क) सरकारी वन ख) सामूदायिक वन ग) कवुलियति वन

घ) निजि वन ङ) धार्मिक वन

१२) तपाई कुन इन्धन बढी प्रयोग गर्नुहुन्छ ?

क) दाउरा ख) गोबर ग्याँस ग) ग्याँस घ) अन्य

७) तपाईको गाउँमा हाल वनको अवस्था कस्तो छ ?

क) पहिले भन्दा नराम्रो ख) पहिले भन्दा राम्रो ग) वनजंगल सखाप भएको

१३) तपाईको पशुपालन के के छ ?

क) गाई ख) भैंसी ग) बाख्रा घ) बंगुर

१४) पशपालनका लागि घाँस कहाँ बाट ल्याउनुहुन्छ ?

क) खेतबारीबाट ख) वनबाट ग) अन्यत्रबाट

१५) सामूदायिक वनबाट तपाईलाई के के फाइदा भएको छ ?

क) घाँस ख) दाउरा ग) काठ घ) अन्य

१६) तपाईले महिला भएको नाताले सामाजिक काम गर्न असहज महशुश गर्नुभएको छ ?

क) छु ख) छैन

१७) तपाईले सामूदायिक वनबाट कुनै तालिममा भाग लिनुभएको छ ?

क) छु ख) छैन

१८) तपाईको सामूदायिक वनले कुनै बचत तथा संघ सस्थाहरु संचालन गरेको छ ?

क) छ                                                  ख) छैन

१९) के तपाई सामूदायिक वनबाट संचालित बचत तथा संघ सस्थाहरुमा आवद्ध हुनुहुन्छ ?

क) छु                                                  ख) छैन

२०) वनबाट दाउरा कस्तो ल्याउनु हुन्छ ?

क) सुकेको, ढलेको रुखका हाँगा काटेर          ख) वन गोडमेलबाट

ग) हरियो रुख काटेर                              घ) अन्य तरिकाबाट

२१) तपाईले सामूदायिक वनको संरक्षणका लागि के कस्ता कार्यहरु गर्नु भएको छ ?

क) आगलागीबाट सा. व. लाई बचाउने   ख) चरिचरणबाट सा. व. लाई बचाउने

ग) सा. व. को दैनिक रेखदेख गर्ने       घ) वृक्षारोपण गर्ने   ङ) अन्य

२२) तपाईको सामूदायिक वनबाट संचालित बचत बैंक खाता छ कि छैन ?

क) छ                                  ख) छैन

२३) तपाईले आफ्नो आय आर्जन बढाउन सामूदायिक वनबाट संचालित कुनै तालिम तथा अन्य सीप सिक्नु भएको छ ?

क) छु                                  ख) छैन

२४) यदि छ भने के सिक्नु भएको छ ?

..............................................................

२५) सिकेको सीपलाई आम्दानीमूलक काममा लागाउनु भएको छ ?

क) छ                                  ख) छैन

*तपाईको अमूल्य सहयोग र सुझावका लागि हार्दिक धन्यवाद !*

# परिशिष्ट २

## लालीगुराँस सा.व. उ. स. का कार्य समितिलाई सोधिएका प्रश्नहरु

मुख्य उत्तरदाता व्यक्तिहरूसँगको अन्तर्वार्ताको अनुसूची

सामान्य परिचय : मिति :

उत्तरदाताको नाम : ..................... लिङ्ग .................. उमेर : ..........

पेशा : ...................................... शिक्षा : ...........................

| क्र.सं. | नाम, थर | लिङ्ग | उमेर | शिक्षा | पेशा | धर्म | वैवाहिक स्थिति | जाति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

१. तपाईको कार्य समितिमा कुन स्थान छ र कहिले देखि ?

...............................................................................

२. वन उपभोक्ता समितिका सदस्यहरु चयन हुँदा कुन प्रक्रिया अपनाइन्छ ?

(क) परम्परागत (ख) चुनावबाट (ग) साधारण सभाबाट

३. तपाई समितिमा काम गर्न किन प्रेरित हुनुभयो ?

........................................................................

४) तपाईको परिवारको आम्दानीको मुख्य स्रोतहरु के के छन् ?

........................................................................

५. तपाईहरूले सा. व. कार्य समिति कसरी बनाउनु भयो ?

........................................................................

६. कार्य समितिको निर्माण कहिले र कसरी भयो ?

.................................................................

७. तपाईको सा.व. उ. स. ले उपभोक्ताहरुलाई के कस्ता सुविधाहरु दिएको छ ?

........................................................................

८. तपाईको सा.व. उ. स. ले उपभोक्ताहरुलाई दिएको सुविधाले यस क्षेत्रका महिलाहरूको जीवनमा परिवर्तन आएको देख्नु भएको छ ?

.....................................................................................

९) तपाईको सा.व. उ. स. को जम्मा आम्दानी के कसरी खर्च गर्नुहुन्छ ?

..............................................................................

१०) हाल तपाईको सा.व. उ. स. को कोषमा कति रकम बचत छ ?

..................................................................

११) बैठकमा कार्य समितिका सवै महिलाहरु सहभागि हुन्छन् कि हुँदैनन् ?

...............................................................................

१२) तपाईलाई कार्य समितिमा बसी काम गर्दा र बैठकमा जाँदा घरको सहयोग तथा सहमति मिल्छ ?

(क) मिल्छ (ख) मिल्दैन

*तपाईको अमूल्य सहयोग र सुझावका लागि हार्दिक धन्यवाद !*